## राप्ती सोनारी गाउँपालिका

# राजस्व सुधार कार्ययोजना
# (Revenue Improvement Action Plan)




## गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश, नेपाल

**२०७७**

# विषय सूची

**परिच्छेद – एक : परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ राजस्व सुधार कार्ययोजनाको तर्जुमाको उद्देश्य ........ २

१.३ राजश्व सुधार कार्ययोजनाको क्षेत्र ........ २

१.४ कार्ययोजना संचालन विधि तथा प्रक्रिया ........ २

१.५ अध्ययनको सीमा ........ ५

**परिच्छेद – दुई : राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन ........ ७**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ........ ७

२.२ गाउँपालिकाको विद्यमान संगठन स्वरुप ........ ८

२.३ राजस्व प्रशासन ........ ९

२.४ राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम ........ १०

२.५ गाउँपालिकाको आय समीक्षा ........ ११

**परिच्छेद - तीन : गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ १६**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........ १६

३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना ........ २०

**परिच्छेद - चार : राजस्व सुधार कार्ययोजना ........ ३६**

४.१ राजस्व सुधारका क्षेत्रहरू ........ ३६

४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान ........ ३६

४.३ राजस्व सुधार कार्ययोजना तर्जुमा ........ ३७

४.३.१ नीति, ऐन, नियम, कार्यविधि र मापदण्ड ........ ३७

४.३.२ कर, शुल्क, दस्तुर, विक्री र महशुलका दर ........ ३७

४.३.३ राजस्व प्रशासन तथा व्यवस्थापन ........ ३८

**परिच्छेद - पाँच : आगामी ३ वर्षको आय प्रक्षेपण ........ ४०**

५.१ कोभिड १९ र बन्दाबन्दीको राजस्व संकलनमा पर्ने असरको प्रारम्भिक आँकलन ........ ४०

५.२ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........ ४१

५.३ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ........ ४३

५.४ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण शारांश ........ ४५

**परिच्छेद - ६ : कार्ययोजा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन ........ ४६**

६.१ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन ........ ४६

६.२ श्रोत व्यवस्थापन........................................................................ ४६

६.३ कार्ययोजनाको अनुगमन तथा मुल्यांकन........................................................ ४६

**अनुसूची.......................................................................................... ४८**

अनुसूची १ : सन्दर्भ सामग्रीहरू ............................................................... ४८

अनुसूची २ : तथ्याङ्क र सूचना संकलनका लागि प्रयोग गरिएको सूची तथा फारम...................... ४९

अनुसूची ३ : मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल कार्यक्रमको उपस्थिति.......................... ५४

# तालिका सूची


तालिका १ : गाउपालिकाको वडा विभाजन ......................................................७
तालिका २ : संगठन संरचना विवरण.......................................................... ८
तालिका ३ : कार्यरत कर्मचारीह□को विवरण.................................................९
तालिका ४ : आय परिचालनको वर्तमान अवस्था ............................................ ११
तालिका ५ : कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा) ..........................१४
तालिका ६ : आन्तरिक आयमा शीर्षकगत योगदान (रु. हजारमा) .......................१५
तालिका ७ : सम्पत्ति करको सम्भाव्यता विवरण............................................ २१
तालिका ८ : भूमिकर (मालपोत) को सम्भाव्यता विवरण ................................ २२
तालिका ९ : घरजग्गा करको सम्भाव्यता विवरण........................................... २२
तालिका १० : व्यवसाय करको सम्भाव्यता विवरण.......................................... २३
तालिका ११ : विज्ञापन करको सम्भाव्यता विवरण .........................................२५
तालिका १२ : गाउपालिकाले प्रारम्भिक वातावरण परिक्षण गरेका स्थल र परिमाण................ २६
तालिका १३ : वातावरणीय अध्ययन गरिएका उत्खनन स्थलह□ नदीजन्य पदार्थ बिक्री सम्भावना . २६
तालिका १४ : बहाल विटौरी शूल्कको सम्भावना विवरण ...................................२८
तालिका १५ : नक्सापास दस्तूरको सम्भाव्यता विवरण ......................................२९
तालिका १६ : व्यवसाय रजिष्ट□ दस्तूरको सम्भाव्यता विवरण ...........................३०
तालिका १७ : पार्कि□ शुल्कको सम्भाव्यता विवरण ........................................ ३१
तालिका १८ : पर्यटन शुल्कको सम्भाव्यता विवरण ......................................... ३२
तालिका १९ : सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय विवरण........................... ३३
तालिका २० : सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय सम्बन्धी विवरण.......................... ३३
तालिका २१ : सिफारिस तथा प्रमाणित दस्तूरको सम्भाव्यता विवरण...........................३४
तालिका २२ : खानेपानी महशूलको सम्भाव्यता...............................................३५
तालिका २३ : नीति ऐन नियम कार्यविधि मापदण्ड सम्बन्धी विवरण..................................३७
तालिका २४ : कर, शूल्क, दस्तूर बिक्री र महशूलका दर..............................................३७
तालिका २५ : राजश्व प्रशासन तथा व्यवस्थापन .............................................३८
तालिका २६ : प्रक्षेपणका आधारह□ (रु. हजारमा) ..........................................४१
तालिका २७ : आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण (रु.हजारमा).................................४३

# परिच्छेद – एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ (नेपालको संविधान, २०७२ धारा ५६) । साथै संविधानले स्थानीय स्वायत्तता र विकेन्द्रीकरणको आधारमा संघीय शासन प्रणालीमा समानुपातिक प्रतिनिधित्वको सिद्धान्त स्थापित गरेको छ । तीनै तहको सरकारको सामूहिक योगदानबाट राष्ट्रिय विकासको लक्ष्य तथा उद्देश्य हासिल हुने परिकल्पना पन्ध्रौं योजना (२०७६/७७ - २०८०/८१) ले गरेको छ । यसै सन्दर्भमा संवैधानिक आकांक्षाको परिपूर्ति तथा राष्ट्रिय उद्देश्यको उपलब्धिका लागि स्थानीय सरकारको दक्ष राजस्व प्रणालीले महत्वपुर्ण प्रभाव पार्ने देखिन्छ ।

संवैधानिक अधिकार अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सरकारलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँटका अतिरिक्त वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर, शुल्क तथा दण्ड जरिवाना जस्ता राजस्व संकलन गर्ने अधिकार प्रदान गरेको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघ/संस्थाबाट अनुदान, वैदेशिक अनुदान वा सहयोग तथा आन्तरिक ऋण परिचालन गर्न सक्ने समेत व्यवस्था रहेको छ ।

स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्र रही सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई बृद्धि गर्न राजस्व परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । स्थानीय सरकारहरुले संवैधानिक अधिकारभित्र रही स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएता पनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मूख्य कारणमा स्थानीय तहको हालको संरचना त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, आन्तरिक नियन्त्रण प्रणाली आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

संवैधानिक व्यवस्था अनुसार कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरी कानुन बनाई कर लगाउन सक्नेछ । सोही कानुनी प्रावधान अनुरुप स्थानीय तहहरुले आर्थिक ऐन तर्जुमा गरी राजस्व संकलन गरिरहेका छन् । तर स्थानीय सरकारको राजस्व अधिकार, आर्थिक ऐनले समावेश गर्नुपर्ने प्रावधानहरु तथा आर्थिक ऐन तर्जुमा गर्दा ध्यान दिनुपर्ने पक्षहरुको बारेमा जानकारी तथा ज्ञान, अनुभव र सिर्जनशीलतामा कमी रहेको देखिन्छ । स्थानीय तहले तर्जुमा गरेका आर्थिक ऐनको केही प्रावधानहरु नियम संगत नभएका तथा कैयौ प्रावधानहरु एक आपसमा बाँझिनुका साथै प्रावधानहरुमा पूर्णता समेत नरहेको अवस्था छ ।

उल्लेखित अवस्थालाई मध्यनजर गरी राप्ती सोनारी गाउँपालिकाको राजस्व प्रणाली थप व्यवस्थित र सक्षम बनाउनुपर्ने आश्यकता महशुस गरिएको हो । यसै सन्दर्भमा राप्ती सोनारी गाउँपालिकको राजस्व सुधारका लागि गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्बन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकार पक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीका लागि तालिम, आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी यो कार्ययोजना तयार भएको हो । यस कार्ययोजनाले गाउँपालिकाको आय सम्भाव्यताको विश्लेषण गरी गाउँपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन गर्नुका साथै राजस्व सुधार कार्ययोजनालाई वार्षिक रुपमा अद्यावधिक गर्नका लागि आवश्यक सैद्धान्तिक, कानुनी तथा व्यवहारिक ज्ञान सीप समेत प्रदान गर्नेछ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको तर्जुमाको उद्देश्य

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालन लागि क्षमता अभिवृद्धि गरी राजस्व परिचालनको विद्यमान अवस्था, राजस्व परिचालनको संभावना तथा परिचालनमा देखिएका समस्याहरू न्यूनीकरण गर्ने कार्यहरू तर्जुमा र सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपण गर्नु यस कार्ययोजनाको मूल उद्देश्य हो । यस कार्ययोजनाका सहायक उद्देश्य देहायअनुसार रहेका छन्:

- गाउँपालिकाको राजस्व परिचालनको विद्यमान अवस्था विश्लेषण गर्नु,
- आन्तरिक स्रोतको संभावना विश्लेषण गरी स्रोत परिचालनमा देखिएका समस्याहरू न्यूनीकरण गर्ने क्रियाकलापहरूको पहिचान गर्नु,
- आगामी तीन आर्थिक वर्षका लागि आन्तरिक आय तथा अन्य राजस्वको प्रक्षेपण गर्नु र
- आर्थिक ऐनको मस्यौदामा आवश्यक सुझाव प्रदान गर्नु ।

## १.३ राजश्व सुधार कार्ययोजनाको क्षेत्र

यस कार्ययोजनाले समेटेका क्षेत्रहरू देहायअनुसार रहेका छन् :

- स्थानीय तहको राजस्वसँवग सान्दर्भिक दस्तावेजहरु (नेपालको संविधान, ऐन, नियमावली, कार्यविधि, गाउँपालिकाका विभिन्न दस्तावेजहरु तथा सम्बन्धित प्रकाशनहरु आदी) संकलन तथा अध्ययन गर्ने ।
- गाउँपालिकाको आय अधिकार तथा राजस्व सुधार योजना सम्बन्धमा कार्यपालिका तथा राजस्व परामर्श समितिका पदाधिकारी, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, सरोकारवालाहरूलाई अभिमुखीकरण तथा क्षमता विकास गर्ने ।
- गाउँपालिकाका सम्बन्धित कर्मचारीहरुलाई आवश्यक तथ्याङ्कको संकलन तथा विश्लेषण गरी राजश्व प्रक्षेपण गर्ने तथा राजस्व सुधार कार्ययोजना पुनरावलोकन गरी अद्यावधिक गर्ने क्षमता विकास गर्न सघाउ पुऱ्याउने ।
- गाउँपालिकाको आन्तरिक आय परिचालनका मुख्य समस्या, चुनौती, आय सम्भावना तथा राजस्व सुधारका क्रियाकलाप पहिचान गर्नका लागि गाउँपालिकालाई प्राविधिक सहयोग पुऱ्याउने ।
- गाउँपालिकाको विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण, राजस्व प्रशासनको नीतिगत र संस्थागत व्यवस्था, विलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण, शीर्षकगत रुपमा करका आधार तथा आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी राजस्व सुधार कार्ययोजना र प्रक्षेपण सहितको प्रारम्भिक मस्यौदा तयार गर्ने ।
- प्रारम्भिक मस्यौदा गाउँपालिकाका मुख्य सरोकार पक्षहरुसँग प्रस्तुत गरी आवश्यक सल्लाह सुझाव संकलन गर्ने तथा आवश्यक परिमार्जन गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने ।
- राजस्व सुधार कार्ययोजनाको दस्तावेजलाई अन्तिम रुप प्रदान गर्ने ।

## १.४ कार्ययोजना संचालन विधि तथा प्रक्रिया

नगरपालिकको राजस्व सुधार कार्ययोजना देहायबमोजिमको प्रक्रिया अवलम्बन गरी तर्जुमा गरिएको छ :

### *१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

कार्ययोजना तर्जुमा कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मूख्य सामग्रीहरू **अनुसूची १** मा दिईएको छ ।

### *१.४.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फारम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.४.३ अभिमुखीकरण तथा तालिम सामग्री तयारी*

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सुशासनका लागि क्षमता विकास कार्यक्रम - जि.आई. जेड.संगको समन्वयमा स्थानीय सरकारको राजस्व सुधार योजना तर्जुमा प्रक्रिया सम्बन्धमा गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरूको क्षमता अभिबृद्धिका अभिमुखीकरण तथा तालिम सामग्री तयारी गरियो । अभिमुखीकरण तथ क्षमता विकास सामग्रीमा देहाय अनुसारको विषयवस्तु समावेश गरिएको थियो ।

**क. पदाधिकारीको लागि अभिमुखीकरण कार्यक्रम**

- अभिमुखिकरण कार्यक्रमको आवश्यकता र महत्व,
- राजस्व सुधार कार्ययोजनाको उद्देश्य र कार्यतालिका,
- स्थानीय तहको राजस्व अधिकार,
- राजस्व परिचालन सम्बन्धी अनुभव आदान प्रदान,
- राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया र कार्यतालिका

**ख. कर्मचारीहरूको लागि तालिम कार्यक्रम**

- राजस्व सुधार योजनामा समावेश हुने विषयवस्तुहरू,
- स्थानीय स्थानीय तहको राजस्व अधिकार र राजस्वका स्रोतहरू,
- राजस्व परिचालनको विद्यमान अवस्था,
- आन्तरिक आयको शीर्षकगत कूल संभाव्यता अध्ययन तथा विश्लेषण,
- राजस्व सुधार कार्ययोजनाका क्षेत्र तथा कार्यक्रम
- राजस्व प्रक्षेपण विधि तथा ढाँचा
- राजस्व शीर्षकको वर्गीकरण र व्याख्या
- राजस्व सुधार कार्ययोजना विषयवस्तुको प्रयोगात्मक अभ्यास

### *१.४.४ पदाधिकारी तथा कर्मचारी अभिमुखीकरण कार्यक्रम*

राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यमा गाउँपालिकाको प्रमुख प्रदाधिकारी तथा कर्मचारीको क्षमता अभिबृद्धि गर्न सुशासनका लागि क्षमता विकास कार्यक्रम-जि.आई.जेड. को सहयोगमा मिति २०७७ साल आश्विन १ गते एक दिवसीय भर्चुअल माध्यमबाट अभिमुखीकरण कार्यक्रम संचालन गरियो । कार्यक्रममा यस गाउँपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र राजस्व शाखाका प्रमुखको सहभागिता रहेको थियो । अभिमुखीकरण कार्यक्रमको उद्देश्य देहायअनुसार प्रस्तुत गरिएको छ :

- राजस्व सुधार कार्ययोजना तर्जुमाको आवश्यकता र प्रक्रिया,
- स्थानीय तहको राजस्व अधिकार, परिमार्जित व्यवस्था र हालको अभ्यास,
- स्थानीय तहको राजस्व परिचालनमा गाउँपालिकाले भोगेका मुख्य मुद्दा र अनुभव ।

### *१.४.५ स्थानीय तहको राजस्व सुधार कार्ययोजना सम्बन्धी क्षमता विकास तालिम*

राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियामा सहजीकरण गर्न राजस्व शाखामा कार्यरत कर्मचारीको क्षमता विकास तथा व्यवहारिक अभ्यासका लागि सुशासनका लागि क्षमता विकास कार्यक्रम जि.आई.जेड.को समन्वयमा भर्चुअल माध्यमबाट मिति २०७७ साल कार्तिक २० देखि २७ गते सम्म ८ दिवसीय अभिमुखीकरण कार्यक्रम संचालन गरियो । उक्त तालिममा गाउँपालिकाका आर्थिक प्रशासन शाखा प्रमुख तथा लेखा अधिकृत गौरव कुमार लामिछाने र कम्प्युटर अधिकृत सन्तोष चौधरीको सहभागिता रहेको थियो । तालिम कार्यक्रम ४ दिन राजस्व सुधार कार्ययोजना दस्तावेजका विषयवस्तु सम्बन्धतामा सैद्धान्तिक प्रस्तुति तथा छलफल र ४ दिन उक्त विषयमा लेखन अभ्यास गरिएको थियो ।

### *१.४.६ प्रारम्भिक दस्तावेज तयारी र तथ्यांक/सूचना संकलन*

गाउँपालिकाको राजस्व शाखामा कार्यरत कर्मचारीहरुका लागि संचालित तालिम कार्यक्रमको दौरान राजस्व परिचालनको विद्यमान अवस्था, उपलब्ध सूचनाको आधारमा राजस्वको शीर्षकगत संभाव्यता विश्लेषण, राजस्व परिचालन देखिएका समस्या र सोको समाधानका लागि गर्नुपर्ने कार्यहरु र राजस्व प्रक्षेपणको प्रारम्भिक दस्तावेज तयार गरियो । यस प्रकार तयार प्रारम्भिक दस्तावेजमा नपुग सूचना संकलन गर्न सम्बन्धित कर्मचारी र परामर्शदाताद्धारा गाउँपालिकाको वेवसाईट, आर्थिक ऐन, आर्थिक विवरण र अन्य दस्तावेज र श्रोतबाट थप तथ्याङ्क संकलन गरियो । यसैगरी प्रत्यक्ष रुपमा कार्यपालिका कार्यालयका सम्बन्धित शाखाका कर्मचारी, वडा कार्यालय र सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिसँग राय परामर्श र स्थलगत अवलोकन समेत गरी तथ्याङ्क संकलन तथा अन्य श्रोतबाट उपलब्ध तथ्याङ्क रुजु समेत गरियो । यस प्रक्रियामा देहायमा उल्लिखित क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गरिएको थियो :

- राजस्व परिचालनको नीतिगत, कानूनी र प्रशासनिक व्यवस्था सम्बन्धी विवरण,
- विगत आर्थिक वर्षहरुको यथार्थ आय विवरण,
- चालु आर्थिक वर्षको अनुमानीत आय विवरण तथा आर्थिक ऐन,
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- कर तथा गैर कर क्षेत्रहरुको शीर्षकगत दायरा, दर तथा कूल संकलनको संभावना,
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना ।

#### *१.४.७ वडा कार्यालयको स्थलगत अध्ययन तथा अवलोकन*

वडा कार्यालयको राजस्व प्रशासनको अवस्था सम्बन्धी जानकारी हासिल गर्ने तथा आवश्यक तथ्यांक संकलन गर्न स्थलगत अध्ययन तथा अवलोकन प्रक्रियामा एक दिन परामर्शदाताका तर्फबाट विषय विज्ञ र गाउँपालिकाका राजस्व उपशाखा प्रमुख सहितको टोलीले वडा नम्बर ३ को कार्यालयमा प्रत्यक्ष उपस्थित भई अध्ययन अवलोकन गरिएको थियो । उक्त अध्ययन तथा अवलोकनको क्रममा वडा समितिका पदाधिकारी, वडा कार्यालयका सचिव लगायत तथा अन्य कर्मचारीहरू आवश्यक सूचना संकलन गरिएको थियो । अध्ययन अवलोकनमा देहायमा उल्लिखित पक्षहरूमा छलफल तथा आवश्यक सूचना तथा जानकारीहरू संकलन गरिएको थियो :

- वडा कार्यालयको भौतिक अवस्था,
- वडा कार्यालयमा भएको राजस्व प्रशासनको व्यवस्था र भोगिएका समस्याहरू
- करदाताहरूको व्यवहार र गुनासो,
- कर असुली र बिलिङ प्रणाली आदि ।

#### *१.४.८ मस्यौदा दस्तावेज तयारी*

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी तालिममा सहभागि कर्मचारीहरुले तालिमबाट प्राप्त गरेको ज्ञान सीपका आधारमा राजस्व सुधार कार्ययोजनाको प्रारम्भिक मस्यौदा दस्तावेज तयार गरेका थिए । उक्त दस्तावेजमा छुट भएका विषयहरु तथा अपुग भएका सूचनाहरु संकलन, विश्लेषण र समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरियो ।

#### *१.४.९ मस्यौदा प्रस्तुती तथा छलफल*

गाउँपालिका तथा सुशासनका लागि क्षमता विकास कार्यक्रम- जि.आई.जेड.को समन्वय, सहयोग र सहजीकरणमा २०७७ माघ १३ गते एक दिवसीय मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा गाउँपालिकाको राजस्व अधिकार र परिचालनको विद्यमान अवस्था, आन्तरिक राजस्वका शीर्षकगत कूल संभावना, राजस्व परिचालन तथा सुधारको लागि गर्नुपर्ने कार्यहरू र सोको आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण सम्बन्धी विवरणको मस्यौदा प्रस्तुत गरी सो सम्बन्धमा उपस्थित पदाधिकारी, कर्मचारी र सरोकारवाला तथा सुझाव प्राप्त गरियो । उक्त कार्यक्रममा कार्यपालिकाका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारी, कर्मचारी र सरोकारवाला समेत गरी ३२ जनाको सहभागिता रहेको थियो सहभागीहरुको नामावली **अनुसूची ३** मा संलग्न गरिएको छ ।

#### *१.४.१० राजस्व सुधार कार्यायोजना अन्तिम दस्तावेज तयारी*

मस्यौदा प्रस्तुत तथा छलफल कार्यक्रम समेत गाउँपालिका, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सुशासनका लागि क्षमता विकास कार्यक्रम जि.आई.जेड.बाट मस्यौदा प्रतिवेदन उपर प्राप्त सुझावहरू समावेश गरी राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज तयार गरिएको छ ।

## १.५ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि कोभिड १९ को विश्वव्यापी महाव्याधिको अवस्था, प्रर्याप्त सूचनाको कमी, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारपक्षसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनवाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।
- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरीक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।
- कोभिड १९ को विश्वव्यापी महाव्याधि र बन्दाबन्दीको कारण गाउँपालिकाका प्रमुख पदाधिकरी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण कार्यक्रम तथा राजस्व प्रशासनमा संलग्न कर्मचारीहरुको लागि तालिम कार्यक्रम भरच्यूल विधिबाट संचालन गरिएको हो ।

# परिच्छेद – दुई : राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

स्थानीय तह पुन:संरचना सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३ फाल्गुण २७ गते निर्णयअनुसार साविकका खाशकुश्मा, कचनापुर, बैजनाथपुर, विनौना, फत्तेपुर र महादेवपुरी गरी ६ वटा गाउँ विकास समिति (गाविस) को पुरै क्षेत्र समेटेर राप्ती सोनारी गाउँपालिका गठन गरिएको हो । यस गाउँपालिकामा ९ वटा वडाहरू रहेका छन् । यो गाउँपालिका जनसंख्याको हिसावले नेपालका ४६० गाउँपालिका मध्ये सबभन्दा बढी जनसंख्या भएको गाउँपालिका हो । यस गाउँपालिकामा समावेश भएका साविकका गाविसहरू र वडा विभाजन देहायअनुसारको रहेको छ:

**तालिका १ : गाउपालिकाको वडा विभाजन**

| वडा नम्बर | समावेश भएका साविक गा.वि.स | साविक वडा नम्बर | घरधुरी संख्या (अनुमानित) |
|---|---|---|---|
| १ | खाशकुश्मा | १-९ | ११८७ |
| २ | कचनापुर | १-९ | १७०३ |
| ३ | वैजनाथपुर | १, २, ३, ५ र ६ | ७४४ |
| ४ | वैजनाथपुर | ३, ४, ७, ८ र ९ | ११६२ |
| ५ | विनौना | १-९ | १२०४ |
| ६ | फत्तेपुर | ८ र ९ | ११९३ |
| ७ | फत्तेपुर | १-७ | १६४६ |
| ८ | महादेवपुरी | ६-९ | ९८९ |
| ९ | महादेवपुरी | १-५ | ९१४ |
| **जम्मा** | | | १०७४२ |

*श्रोत: सहभागितामूलक छलफल*

लुम्बिनी प्रदेश अन्तर्गत पर्ने नेपालको प्रमुख व्यापारिक केन्द्र बाँके जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित यो गाउँपालिकाको क्षेत्रफल १०४१.७३ वर्ग कि.मि. रहेको छ । २०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कूल जनसंख्या ५९,९४६ रहेको छ भने १२,१८७ घरधुरी रहेको छ। यस गाउँपालिकाको केन्द्र साविक कचनापुर गाउँ विकास समितिको कार्यालयमा रहेकोमा हाल स्थानान्तरण भई वडा नं. २ को अगैयामा रहेको छ।

यस गाउँपालिकाको पूर्वमा दाङ जिल्ला, दक्षिणमा नरैनापुर तथा भारत, उत्तरमा दाङ्ग जिल्ला, कोहलपुर नगरपालिका र दाङको डुडुवा गाउँपालिका पर्दछन् । यो गाउँपालिका नेपालको १० प्रमुख राष्ट्रिय निकुञ्ज मध्ये बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्दछ । यो गाउँपालिकाको बीचमा राप्ती नदी पूर्वबाट पश्चिम तिर वगेको छ भने गाउँपालिका भएर पूर्व पश्चिम राजमार्ग गएको छ । यसको अलवा यस गाउँपालिकामा नै नेपालको राष्ट्रिय गौरवको आयोजना सिक्टा सिचाईको मुहान तथा ड्याम रहेको र यसै गाउँपालिका भएर सिक्टा सिंचाई आयोजनाको नहर विस्तार भएको छ। यो गाउँपालिका विकास संभावना तथा पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण रहेको छ। यस गाउँपालिकामा मुख्य रुपमा थारु, मगर, मधेशी लगायतका जातजाती र वाह्मण क्षेत्रीको बसोबास रहेको यो गाउँपालिकाले साँस्कृतिक दृष्टिकोणले पनि महत्व वोकेको छ।

यस गाउँपालिकामा पूर्व प्राथमिक, आधारभूत देखि माध्यामिक शिक्षा सम्म प्रदान गर्ने शैक्षिक संस्थाहरू रहेका छन् । त्यसैगरी स्वास्थ्य सेवाका लागि ६ वटा स्वास्थ्य चौकी, वर्थिङ सेन्टर, क्लिनिक तथा केही फार्मेसीहरू रहेका छन् । यस गाउँपालिकामा जम्मा ५९ वटा विभिन्न तहका सामुदायिक विद्यालयहरू रहेका छन् । जैविक विविधता, जल तथा प्राकृतिक श्रोत र व्यापारिक दृष्टिकोणले पनि यो गाउँपालिका रणनीतिक स्थानमा अवस्थित रहेको छ ।

## २.२ गाउँपालिकाको विद्यमान संगठन स्वरुप

संघीय शासन संरचना पछि स्थापित यस राप्ती सोनारी गाउँपालिकाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध संगठन संरचनालाई संशोधन तथा परिमार्जन गरी ९ वटा शाखा २२ र अनुसार यस गाउँपालिकामा देहायअनुसारको शाखा, उपशाखा र इकाईहरू रहेका छन् ।

**तालिका २ : संगठन संरचना विवरण**

| क.सं. | शाखाहरूको विवरण | क.सं. | इकाईको विवरण |
|---|---|---|---|
| १ | सामान्य प्रशासन शाखा | १.१ | आन्तरिक प्रशासन इकाई |
| | | १.२ | वाह्य प्रशासन इकाई |
| | | १.३ | जिन्सी इकाई |
| | | १.४ | आन्तरिक लेखा परीक्षण इकाई |
| २ | राजस्व तथा आर्थिक प्रशासन शाखा | २.१ | राजस्व इकाई |
| | | २.२ | आर्थिक प्रशासन इकाई |
| ३ | शहरी पूर्वाधार विकास शाखा | | |
| ४ | आर्थिक विकास शाखा | ४.१ | कृषि इकाई |
| | | ४.२ | पशुपंक्षी इकाई |
| | | ४.३ | उद्योग तथा सहकारी इकाई |
| | | ४.४ | रोजगार इकाई |
| ५ | सामाजिक विकास शाखा | ५.१ | शिक्षा इकाई |
| | | ५.२ | स्वास्थ्य इकाई |
| | | ५.३ | महिला, बालबालिका तथा समाज कल्याण इकाई |
| | | ५.४ | सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई |
| | | ५.५ | पर्यटन इकाई |
| | | ५.६ | गैर सरकारी संस्था इकाई |
| ६ | वन, वातावरण तथा विपद व्यवस्थापन शाखा | ६.१ | वन तथा वातावरण इकाई |
| | | ६.२ | फोहरमैला व्यवस्थापन इकाई |
| | | ६.३ | विपद व्यवस्थापन इकाई |
| ७ | भूमि व्यवस्थापन तथा भवन निर्माण शाखा | | |
| ८ | न्याय, कानून तथा मानव अधिकार प्रवर्धन शाखा | ८.१ | न्यायिक समितिको सचिवालय |
| ९ | योजना, अनुगमन तथा तथ्याङ्क शाखा | ९.१ | योजना तथा अनुगमन इकाई |
| | | ९.२ | तथ्याङ्क तथा सूचना प्रविधि इकाई |

गाउँ कार्यापालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरूमा गरी हाल ३७ जना कर्मचारीको दरबन्दी रहेकोमा २७ जना मात्र कर्मचारी रहेको अवस्था देखिन्छ । कार्यालयको कार्य जिम्मेवारी र कार्यरत कर्मचारी विश्लेषण गर्दा गाउँपालिकामा मानव संशाधनको कमी रहेको अवस्था देखिन्छ । जसमा स्थायी, अस्थायी तथा करार सेवामा रहेका छन् । खासगरी नीति तर्जुमा र वजेट कार्यान्वयनमा कार्यपालिकालाई सघाउ पुऱ्याउने अधिकृत स्तरका कर्मचारीहरू जम्मा ३ जना मात्र रहको तथ्य तलको तालिकाबाट पनि प्रष्ट देखिन्छ ।

**तालिका ३ : कार्यरत कर्मचारीह□को विवरण**

| क्र.सं. | पद | श्रेणी तह | सेवा समूह | सेवाको किसिम | संख्या |
|---|---|---|---|---|---|
| १ | प्रप्रअ | रा.प.तृतिय | प्रशासन | स्थायी | १ |
| २ | इन्जिनियर | अधिकृतस्तर छैटौं | प्राविधिक | करार | १ |
| | आइ.टि अफिसर | अधिकृतस्तर छैटौं | प्राविधिक | करार | १ |
| ३ | नायव सुब्बा | रा.प.अ. प्रथम | प्रशासन | स्थायी | १ |
| ४ | लेखापाल | रा.प.अ. प्रथम | लेखा | स्थायी | १ |
| ५ | सव-इन्जिनियर | सहायक स्तर | प्राविधिक | करार | ३ |
| ६ | वडा सचिव | रा.प.अ. प्रथम | प्रशासन | स्थायी | ३ |
| ७ | वडा सचिव | रा.प.अ. द्धितिय | प्रशासन | स्थायी | ५ |
| ८ | सवओभरसियर | रा.प.अ. द्धितिय | प्रशासन | करार | २ |
| ९ | कार्यालय सहायक | सहायकस्तर चौथौ | प्रशासन | स्थायी | ९ |
| १० | कार्यालय सहयोगी | सहायकस्तर प्रथम | प्रशासन | करार | ४ |
| **जम्मा** | | | | | **३१** |

## २.३ राजस्व प्रशासन

संगठन संरचनामा यस गाउँपालिकाले आर्थिक प्रशासन शाखा अन्तर्गत राजस्व उपशाखा गठन गरी राजस्व परिचालनसँग सम्बन्धित सम्पुर्ण कार्यहरू सोही शाखा मार्फत् गर्दै आईरहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छ :

- राजस्वसँग सम्बन्धित १ वटा विषय (आर्थिक ऐन) मा ऐन, नियम, कार्यविधि र मापदण्ड तयार तथा स्वीकृत भई कार्यान्वयनमा रहेको
- राजस्व प्रशासनका लागि राजस्व तथा आर्थिक प्रशासन शाखा अन्तर्गत राजस्व एकाई स्थापना भएको
- राजस्व एकाईमा कर्मचारी नहुँदा आर्थिक प्रशासन शाखामा कार्यरत लेखा अधिकृत र प्रशासन शाखामा कार्यरत कम्प्युटर अपरेटरलाई थप जिम्मेवारी दिई राजस्व सम्बन्धी कार्य गर्ने गरिएको
- राजस्व एकाईबाट राजस्व प्रशासनको समग्र पक्ष(आन्तरिक आय, राजस्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण र वित्तीय व्यवस्था) मा कार्य नगरी प्राप्त आयको प्रविष्टी गर्ने कार्य भईरहेको
- कार्यपालिका र वडा कार्यालयहरूमा राजस्व परिचालन सम्बन्धी छुट्टै सफ्टवेयर नभएको (व्यवसाय दर्ता सम्बन्धी सफ्टवेयर उपलब्ध रहेको)
- वडा कार्यालयहरूबाट मूलतः मालपोत, घर बहालकर, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर, सिफारिस दस्तुर संकलन गर्ने गरिएको
- संकलन भएको आन्तरिक आयको रकम उपयुक्त शीर्षकमा प्रविष्ट नभएको
- वडा कार्यालयहरूबाट संकलित रकमको विवरण तयार गरी रसिद तथा भौचर मासिक रुपमा राजस्व एकाईमा बुझाउने गरेको
- समय सापेक्ष राजस्वका दरहरू घटाउँदै लगेर राजस्व संकलनलाई सहज बनाउने प्रयास गरेको तर यस विषयमा करदातालाई जानकारीमा भने कमी रहेको
- आन्तरिक आयको अनुमान शीर्षकगत रुपमा नगरी एकमुष्ठ रुपमा गरिएको र समयावधि अनुसार संकलनको लक्ष्य र कार्ययोजना तयार नभएको

- राजस्वको अनुमान र यथार्थ संकलन बीचको तालमेल कमी रहेको,
- कर तथा गैर करका शीर्षकहरू (व्यवसाय, वहाल कर, सेवा शुल्क) कार्यविधि, तर्जुमा, सफ्टवयर संचालन र यस सम्बन्धी छलफल र परामर्शमा कमी रहेको
- नीति तथा कार्यक्रममा कोभिड १९ को महाव्याधी र यसको रोकथाम र नियन्त्रणका गरिएका लकडाउन र निषेधाज्ञाले आर्थिक क्षेत्रमा पारेको प्रभावलाई सम्बोधन गर्न छुट र सहुलियतको व्यवस्था नगरिएको
- आ.व.२०७५र७६ भन्दा अगाडीका आ.व.हरूको राजस्वको शीर्षकगत विवरणको अभिलेख नरहेको
- वडा सचिव र राजस्वमा कार्यरत कर्मचारी, राजस्व परामर्श समितिका पदाधिकारीहरूमा स्थानीय राजस्व अधिकार, परिचालन र प्रशासन सम्बन्धी ज्ञान, सीप र अनुभवमा कमी रहेको
- आर्थिक ऐनमा शीर्षकगत रुपमा कर, शुल्क र दस्तुर शीर्षक अनुसार दफाको व्यवस्था भएको तर शीर्षक अनुसार अनुसूचीमा दर निर्धारण नभएको
- राजस्व संकलन र परिचालन, कानूनी व्यवस्था, दर र छुट सम्बन्धमा करदाता, व्यवसायी, नागरिक समाज र सरोकारवाला पक्षसँग रायपरामर्शमा कमी रहेको
- वडा सचिवहरूमा राजश्वको शीर्षक सम्बन्धी ज्ञानको कमी भएकोले राजश्व अन्य शिर्षकमा प्रविष्ट हुने गरेको
- विगत ३ आ.व.को राजस्व विश्लेषण गर्दा कर तथा गैर तर्फ राजस्व बृद्धि दर क्रमशः १४ र २६% रहेको
- आन्तरिक आयको संकलित रकम सम्बन्धित शीर्षकमा प्रविष्ट नभएको
- स्थानीय राजस्व परामर्श समिति क्रियाशिल नरहेको र नियमित बैठक गरी राजस्व परिचालन सम्बन्धी नीति, कानून र प्रगति समीक्षामा कमी रहेको
- वडाबाट संकलित आन्तरिक आयको रकम उपयुक्त शीर्षकमा र समयमा विवरण उपलब्ध नहुँदा आन्तरिक आयको शीर्षकगत विवरण अद्यावधिक हुन नसकेको
- उद्योग व्यापार संघ तथा व्यवसायीहरूसँग साझेदारी गरी व्यवसायको विवरण अद्यावधिक गर्ने र व्यवसाय कर संकलनको व्यवस्था गर्न सकिने अवस्था रहेको
- बजार क्षेत्रमा गाडी धुने सुविधा समेत बसपार्क एवं पार्किङ स्थल संचालन, पर्यटन र फोहोरमैला व्यवस्थापन सेवा शुल्क परिचालनको संभावना रहेको
- गाउँपालिकाको राजस्वको कूल संभाव्यता (२३ करोड ४२ लाख ८४ हजार) मध्ये गत आ.व.मा ४ करोड ५३ लाख ८६ हजार (१९ प्रतिशत) मात्र आन्तरिक आय संकलन गर्न सकिएको
- वडा कार्यालयमा सभाबाट स्वीकृत दर अनुसार कर शुल्क र दस्तुर रकम बुझाएपछि मात्र सिशारिश र कागजात प्रमाणित गर्ने अभ्यास नभएको

## २.४ राजश्व परिचालन सम्बन्धी नीति तथा कार्यक्रम

यस गाउँपालिकाले राजस्व परिचालनका सम्बन्धमा २०७४ साल भाद्र २९ र ३० गते बसेको गाउँसभाबाट आर्थिक ऐन स्वीकृत भएको छ । यसका साथै राजश्व परिचालनका लागि गाउँ कार्यपालिकाले राजश्व परामर्श समिति गठन गरेको छ । राजश्व परामर्श समितिले बैठक र छलफल सम्पन्न गरी राजश्वका दररेटहरू तथा राजश्व सम्बन्धी निर्णयहरू गरेको छ ।

गाउँ सभाद्धारा स्वीकृत आ.व. २०७६/७७ को लागि स्विकृत आर्थिक ऐनसँग सम्बन्धित नीति तथा कार्यक्रमहरू देहाय बमोजिम रहेका छन् :

- गाउँपालिका क्षेत्र भित्र जग्गा र सोमा बनेका घर तथा संरचनामा घरजग्गा कर लगाइने र सो अनुसार असुल उपर गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र बाँकी वक्यौता भूमिकर तथा मालपोत संकलन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुजिगत लगानी आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाइने तथा असुल उपर गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र दर्ता भएका ई-रिक्सा, अटोरिक्सा, टाँगा जस्ता सवारी साधन सवारी कर लगाइने र असुल गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनका वोर्ड तथा साधनहरूमा विज्ञापन कर लगाइने र संकलन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण र संचालन गरेका हाटबजार, वा पसल वा संरचना वा व्यवसायिक प्रयोजनको लागि लिइएको जग्गामा वहाल विटौरी शुल्क लगाइने तथा संकलन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधनको व्यवसायिक उपयोग गरे वापत कर संकलन गरिने छ ।
- गाउँपालिका र मातहत वडा कार्यालयले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट शुल्क लगाइने तथा संकलन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सेवाग्राहीहरूलाई उपलब्ध गराइने सेवामा दण्ड जरिवाना लगाइने र असुल उपर गरिनेछ ।
- आर्थिक ऐन बमोजिम कर तिर्ने दायित्व भएका वक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।
- गाउँपालिकाको आन्तरिक आय तथा राजस्व परिचालनका लागि संघीय सरकार, प्रदेश सरकार र परामर्शदातृ संस्थासँग सहकार्य गरी अध्ययन, छलफल र राजस्व सुधार कार्ययोजना तयार गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रको सबै प्रकारका करदातालाई करको दायरामा ल्याउने र सेवा प्रवाहसँगै, करदाता शिक्षा उपलब्ध गराई कर, शुल्क र दस्तुर असुल गरिनेछ ।
- कर असुलीमा नगदी रसिदको व्यवस्था गरिने र वडा कार्यालयमा जम्मा भएको नगद रकम समयमै स्थानीय संचित कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।
- स्थानीय राजस्व परामर्श समितिमा स्थानीय उद्योग वाणिज्य संघ र घरेलु तथा साना उद्योग महासंघको समेत प्रतिनिधित्व गरी सुनिश्चित गरिनेछ ।

## २.५ गाउँपालिकाको आय समीक्षा

यस भागमा गाउँपालिकाले विगतका आर्थिक वर्षहरूमा गरेको आय तथा स्रोत परिचालनको अवस्था, आन्तरिक आय तथा वाह्य स्रोतबाट प्राप्त आय, आयको संरचना तथा आयको औसत बृद्धि दर आदीको समीक्षा तथा विश्लेषण गरिएको छ ।

### *२.५.१ आय परिचालनको वर्तमान अवस्था*

संवैधानिक तथा कानूनी प्रावधान अनुसार गाउँपालिकालाई प्राप्त वित्त अधिकारका शिर्षकहरूको परिचालन, राजस्व असुली र परिचालनको संभावनाबारे छलफल गरी हालको अवस्था चित्रण गरिएको छ । देहायमा उल्लिखित तालिकाले गाउँपालिकाको आय परिचालनको अवस्था देखाउँदछ ।

**तालिका ४ : आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| क. | करतर्फ | | | |
| १ | सम्पत्ति कर | भएको | नभएको | नभएको |

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| २ | भूमिकर (मालपोत) | भएको | भएको | भएको |
| ३ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ४ | व्यवसाय कर | भएको | भएको | भएको |
| ५ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | भएको | नभएको | नभएको |
| ६ | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | भएको |
| ७ | विज्ञापन कर | भएको | भएको | नभएको |
| **ख.** | **गैरकरतर्फ** | | | |
| १ | वहाल विटौरी शुल्क | भएको | नभएको | नभएको |
| २ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| ३ | पर्यटन शुल्क | भएको | नभएको | नभएको |
| ४ | परिक्षा शुल्क | भएको | नभएको | नभएको |
| ५ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क | भएको | नभएको | नभएको |
| ६ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपफलायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| ७ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | भएको | भएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ९ | अस्पताल संचालन | भएको | नभएको | नभएको |
| १० | एम्बुलेन्स संचालन | भएको | नभएको | नभएको |
| ११ | दमकल संचालन | नभएको | नभएको | नभएको |
| १२ | मूल्यांकन सेवाशुल्क | भएको | भएको | भएको |
| १३ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| १४ | स्थानीय विद्युत महसुल | भएको | नभएको | नभएको |
| **ग.** | **दस्तुर** | | | |
| १ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| २ | सिफारिश/प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ३ | व्यक्तिगत घटना दर्ता दस्तुर | भएको | भएको | भएको |
| ४ | नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर | भएको | भएको | भएको |
| **घ.** | **बिक्री तथा अन्य आय** | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको विक्री | भएको | भएको | भएको |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | नभएको | नभएको | नभएको |
| ३ | अन्य बिक्रीबाट प्राप्त रकम | नभएको | नभएको | नभएको |
| ४ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | भएको | नभएको | नभएको |
| ५ | न्यायिक दण्ड जरिवाना | भएको | भएको | नभएको |
| ६ | प्रशासनिक दण्ड जरिवाना | नभएको | नभएको | भएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकालाई प्रदान गरेको राजश्व अधिकारका क्षेत्रहरूमध्ये ज्यादै कम शिर्षकहरूमा यस गाउँपालिकाले राजश्व संकलन गरिरहेको देखिन्छ ।

## *२.५.२ गाउँपालिकाको विगतको आय विवरण*

मिति २०७३ फाल्गुण २७ गतेको निर्णयअनुसार साविकका ६ वटा गाविसहरूको पुरै क्षेत्र मिलेर राप्ती सोनारी गाउँपालिका गठन भएको हुँदा विगत तीन आ.व.को यथार्थ आय गणना गर्दा ती गाविसहरूको यथार्थ आयलाई संकलन गर्नुपर्ने हुन्छ । गत आर्थिक वर्षमा गाउँपालिका र सो भन्दा अघिल्ला आर्थिक बर्षहरूमा साविक गाविसहरूले संकलन गरेको राजस्वको विवरण देहायअनुसार प्रस्तुत गरिएको छ ।

यस गाउँपालिकाको चालू आ.व.का लागि गाउँ सभाले अनुमान गरेको आन्तरिक आयलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका ४ : विगत ३ आ.व.को राजस्व परिचालनको अवस्था**

| क.सं | विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | वृद्धि दर | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | पौषसम्मको संकलन |
| **क.** | **आन्तरिक आय** | ३,४१० | १०६,४१८ | ४७,४६६ | २७३ | १३४,०८५ | ९५० |
| **क.१** | **कर राजस्व** | ६० | २१३ | २,४५५ | ५४० | ५०० | ३२ |
| ११३१३ | सम्पत्ति कर | ० | ० | ० | ० | ० | ० |
| ११३१४ | भूमी कर (मालपोत) | ४० | १०८ | ५९ | २१ | ५०० | ० |
| ११३२१ | घर बहाल कर | २० | १०५ | २,३११ | ९७५ | ० | ३२ |
| १४६११ | व्यवसाय कर | | ० | ८५ | ० | ० | ० |
| **क.२ :** | **गैर कर** | ३,३५० | १०६,२०५ | ४५,०११ | २६७ | १३३,५८५ | ९१८ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ० | ० | ० | ० | ९०० | २० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | १९ | 0 | ० | ० | १० |
| | *ढुङ्गा, गिट्टी, बालुवा बिक्री* | ९०० | ७५,४१२ | १,२२२ | १७ | १२४,५८५ | ९५ |
| १४२२१ | न्यायिक दस्तुर | ० | ० | ० | ० | ५०० | ० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | २० | ६८ | ५९ | ७२ | ० | ११ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क ( सम्पत्ती मूल्याङ्कन सेवा शुल्क आदि) | २५ | १,१२४ | ७७१ | ४५५ | ३,५०० | २० |
| १४२४२ | नक्सापास दस्तुर | ० | ० | ० | ० | ५०० | ५१ |
| १४२४३ | सिफारिश दस्तुर | ५४५ | ८४४ | १,६५५ | ७४ | ५०० | ४३७ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | ८० | ८९ | १२९ | २७ | १,००० | ० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १८ | २२ | २४ | १५ | १,००० | ० |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | १,२०० | १,९३८ | १,७७९ | २२ | ० | ० |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १२० | १३४ | २५२ | ४५ | ५५० | १०२ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ० | ० | ५० | १७२ |
| १४५२९ | अन्य राजस्व | ४४२ | २६,५५५ | ३९,१२० | ८४१ | ० | ० |
| १४१९१ | पर्यटन शुल्क | ० | ० | ० | ० | ५०० | ० |
| **ख.** | **राजस्व बाँडफाँट** | २०,००० | १२२,६३३ | १३१,७२५ | १५७ | १६५,०२९ | ० |
| ***ख.१*** | ***नेपाल सरकार*** | २०,००० | ११९,५६९ | ११७,०८० | १४२ | १५०,५५३ | ० |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | २०,००० | ११९,५६९ | ११५,८३८ | १४१ | १४९,२४९ | ० |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | | | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन | | ० | १,२४२ | ० | १,३०४ | ० |

| क्र.सं | विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | वृद्धि दर | २०७७/७८ | |
|---|---|---|---|---|---|---|---|
| | | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | पौषसम्मको संकलन |
| | रोयल्टी | | | | | | |
| ***ख.२*** | ***प्रदेश सरकार*** | ० | ३,०६४ | १४,६४५ | ० | १४,४७६ | ० |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ० | ३४९ | ३,२२६ | ० | ० | ० |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ० | २,७१५ | १४,६४५ | ० | १४,४७६ | ० |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | **५४३,४५४** | **३७१,४५८** | **५६३,४६०** | **२** | **४९५,७५६** | **०** |
| ***ग.१*** | ***नेपाल सरकार*** | **५४३,४५४** | **३५६,९६०** | **५३६,३१७** | **-१** | **४६९,०००** | **०** |
| १३३११ | समानीकरण अनुदान | ३९६४६४ | १६४,७०० | १५८,४०० | -३७ | १६१,९०० | ० |
| १३३१२ | ससर्त अनुदान चालु | १४६,९९० | १९२,२६० | २४२,७०९ | २८ | २९७,१०० | ० |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | | | | | |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ० | ० | १०,००० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | | | |
| १३३१८ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा समेत)* | ० | ० | १३५,२०८ | ० | ० | ० |
| ***ग.२*** | ***प्रदेश सरकार*** | **०** | **१४,४९८** | **२७,१४३** | **०** | **२६,७५६** | **०** |
| १३३११ | समानीकरण अनुदान | ० | ४,८९८ | ४,८९८ | ० | ५,९०६ | ० |
| १३३१२ | ससर्त अनुदान चालु | ० | ९,६०० | ८,००० | ० | १४,८५० | ० |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | | | | | | |
| १३३१४ | विशेष अनुदान चालु | ० | ० | ५,२०० | ० | ६,००० | ० |
| १३३१५ | विशेष अनुदान पूँजीगत | | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | ० | ७,१२५ | ० | ० | ० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | | |
| १३३१८ | अन्य अनुदान चालु | ० | ० | १,९२० | ० | ० | ० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | | |
| | **कूल जम्मा** | **५६६,८६४** | **६००,५०९** | **७४२,६५१** | **१४** | **७९४,८७०** | **९५०** |

*श्रोत: राप्ती सोनारी गाउँ कार्यपालिकाको कार्यालय*

### *२.५.३ राजस्व संरचनाको अवस्था*

गाउँपालिकाको विगत ३ आ.व.को यथार्थ आन्तरिक आयको स्रोत अनुसारको संरचना तथा तिनको कूल आन्तरिक आयमा रहेको योगदान तलको तालिकामा देखाइएको छ ।

**तालिका ५ : कुल राजस्वमा शीर्षकगत योगदान (रु. हजारमा)**

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | वृद्धि दर | २०७७/७८ | |
|---|---|---|---|---|---|---|
| | यथार्थ | यथार्थ | यथार्थ | | अनुमान | पौषसम्मको संकलन |
| आन्तरिक आय | ३,४१० | १०६,४१८ | ४७,४६६ | २७३ | १३४,०८५ | ९५० |
| राजस्व बाँडफाँट | २०,००० | १२२,६३३ | १३१,७२५ | १५७ | १६५,०२९ | ० |
| अनुदान तथा वित्तीय हस्तान्तरण | ५४३,४५४ | ३७१,४५८ | ५६३,४६० | २ | ४९५,७५६ | ० |
| **कूल जम्मा** | **५६६,८६४** | **६००,५०९** | **७४२,६५१** | **१४** | **७९४,८७०** | **९५०** |

कुल आन्तरिक राजस्व संरचनामा विभिन्न शिर्षकहरूको योगदान देहायको तालिकामा दिइएको छ ।

**तालिका ६ : आन्तरिक आयमा शीर्षकगत योगदान (रु. हजारमा)**

| आन्तरिक आय स्रोत | आ.व. २०७४/७५ (यथार्थ) | | आ.व. २०७५/७६ (यथार्थ) | | आ.व. २०७६/०७७ (यथार्थ) | |
|---|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| कर | ३४१० | ३५ | १०६४१८ | ४९ | ४७४६६ | ४८ |
| सेवा शुल्क तथा दस्तुर | ४३६० | ४५ | १०६४१८ | ४९ | ४७४६६ | ४८ |
| बिक्री तथा अन्य आय | १९६३ | २० | ३०२७ | १ | ३८३९ | ४ |
| **जम्मा आन्तरिक आय** | ९७३३ | १०० | २१५८६३ | १०० | ९८७७१ | १०० |

त्यसैगरि राप्ती सोनारी गाउँपालिकाको कुल आन्तरिक राजस्व संरचनामा विभिन्न शिर्षकहरूको योगदान देहायको तालिका तथा रेखाचित्र १ मा प्रस्तुत गरिएको छ ।

**रेखाचित्र १: नगरपालिकाको कुल आन्तरिक राजस्वमा शीर्षकगत योगदान (प्रतिशतमा)**



# परिच्छेद - तीन : गाउँपालिकाको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था र सो अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धीका प्रावधानहरू यस शीर्षक अन्तर्गत् प्रस्तुत गरिएको छ ।

### ३.१.१ संवैधानिक व्यवस्था

**नेपालको संविधान २०७२** को अनुसूची - ८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- घर जग्गा बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमिकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

त्यसैगरी नेपालको संविधान २०७२ मा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी निम्न धारामा थप प्रावधान देहाय अनुसार रहेको छ :

#### धारा २२८ : कर लगाउन वा ऋण लिन नपाईने

(१) कानून बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाईने छैन ।

(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ ।

#### धारा २३६ : अन्तर प्रदेश व्यापार

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महशुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन ।

### ३.१.२ कानुनी व्यवस्था

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन (स्थाससंऐ), २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ( असविव्यऐ), २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरिएको छ :

**(क) गाउँपालिकाको एकल अधिकारः**

**अ) कर**

- ***सम्पत्ति करः*** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (स्थाससंऐ)
- ***भूमिकर (मालपोत):*** सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा (स्थाससंऐ)
- ***घर जग्गा बहाल करः*** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा (स्थाससंऐ)
- ***व्यवसाय करः*** व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ( स्थाससंऐ)
- ***सवारी साधन करः*** टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा (असविव्यऐ)
- ***जडिबुटी, कवाडी र जीवजन्तु करः*** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत (स्थाससंऐ)

**आ) शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत (स्थाससंऐ)
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत । (स्थाससंऐ)

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा । (स्थाससंऐ)
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ( स्थाससंऐ)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क (स्थाससंऐ)
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क (स्थाससंऐ) ।

**ई) बिक्री गर्न सक्ने**

- आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु । (स्थाससंऐ)
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि । (स्थाससंऐ)

**उ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने । (स्थाससंऐ)

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने । (स्थाससंऐ)

**ऊ) प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर (स्थाससंऐ दफा ११ को घ को ७)
  - *स्थानीय सहकारी संस्था*
  - *१०० वाट सम्मको एफएम रेडियो*
  - *घ वर्गको ठेक्का इजाजत*
  - *सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय*
  - *प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम*
  - *मातृ भाषामा शिक्षा दिने विद्यालय*
  - *ट्युसन, कोचिङ्ग*
  - *औषधि पसल*
  - *परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग*
  - *स्थानीय स्तरका व्यापारिक फर्म*
  - *स्थानीय तहका पत्र पत्रिका*
  - *जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक*
  - *स्थानीय स्तरका संघ संस्था*
  - *इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन*
  - *लघु घरेलु तथा साना उद्योग (कार्य जिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको)*
- नक्सा पास दस्तुर (स्थाससंऐ दफा ३३ को ४)
- दण्ड जरिवाना (असविब्यऐ)

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहहरूलाई प्रदान गरेको राजस्व अधिकार स्थानीय तहले आर्थिक ऐन मार्फत राजस्वको दर तथा संकलनका अन्य आधारहरूको निर्धारण गरी सङ्कलन गर्नु पर्दछ । त्यसैगरी कर तथा शुल्क सङ्कलनकोलागि स्थानीय तहहरूले आवश्यक कार्यविधि तर्जुमा गर्न सक्दछन् ।

**(ग) राजस्व बाँडफाँट (असविव्यऐ)**

(अ) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिकाले लगाउने र उठाउने

(आ) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने ।

(इ) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

(ई) विज्ञापन करको दर गाउँपालिकाले लगाउने र उठाउने

- (आ), (इ) र (ई) बमोजिमको करवाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।
- (अ) बमोजिम प्रदेशले लगाएको र उठाएको सवारी साधन कर करबाट उठेको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई वाँडफाँट गरिने ।

(उ) नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

(ऊ) प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

राजस्व बाँडफाँट अन्तर्गत संघीय सरकारवाट सङ्कलन भएको मूल्य अभिबृद्धि कर, अन्तशुल्क तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी रकमको माथि उल्लेख भए बमोजिमको हिस्सा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । उक्त रकम संघीय सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँड हुने व्यवस्था छ । त्यसैगरी प्रदेश सरकारले सङ्कलन गरेको सवारी करवाट प्राप्त रकमको ४० प्रतिशत रकम पनि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा सम्वन्धित स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । यसका अतिरिक्त स्थानीय तहवाट संकलन भएको कर तथा शुल्कको ४० प्रतिशत रमक सम्वन्धित प्रदेशलाई पठाउनु पर्ने व्यवस्था छ ।

**(घ) अनुदान**

- ***वित्तीय समानीकरण अनुदान :*** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त
- ***सशर्त अनुदान :*** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***समपूरक अनुदान :*** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त
- ***विशेष अनुदान :*** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

संघीय तथा प्रदेश सरकारवाट प्रदान गरिने वित्तीय समानिकरण अनुदान राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको प्रतिशतको आधारमा स्थानीय तहहरू बीच बाँडफाँट हुने व्यवस्था छ । त्यसै गरी संघीय तथा प्रदेश सरकारले आयोगले तोकेको आधार बमोजिम सशर्त अनुदान प्रदान गर्ने व्यवस्था व्यवस्था छ । समपूरक तथा विशेष अनुदानकोलागि स्थानीय तहहरूवाट प्राप्त हुने प्रस्ताव र अनुदान वितरण कार्यविधिको आधार संघीय तथा प्रदेश सरकारले अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था रहेको छ ।

**(ङ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने

- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (असविव्यऐ)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र (स्थाससंऐ)
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने ( स्थाससंऐ)
- गैर करको दर निर्धारण गर्दा वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मान्नु पर्ने (असविव्यऐ)
- कर वा गैर कर राजस्वको प्रस्ताव तयार गर्दा वा भैरहेको कर वा गैर कर राजस्वमा परिवर्तन गर्नुपर्दा त्यसको आवश्यकता, औचित्य तथा तथा त्यसबाट पार्ने प्रभाव समेत उल्लेख गर्नु पर्ने ( असविव्यऐ)
- राजस्व प्रस्ताव तयार गर्दा त्यस्तै विषयमा नेपाल सरकार, अन्य प्रदेश वा स्थानीय तहले लगाएका कर वा गैर कर र त्यसको दरसँग यथासम्भव तारतम्यता हुने गरी गर्ने (असविव्यऐ) ।

## ३.२ आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरूको विद्यमान अवस्था र सम्भावना

यस उपशीर्षकमा गाउँपालिकाको आन्तरिक आय संकलनका प्रमुख क्षेत्रहरू आय परिचालनको विद्यमान अवस्था, सम्भावनाको शिर्षकगत रुपमा विश्लेषण गरी कूल संभावना विवरण तयार गरिएको छ ।

### ३.२.१ कर राजस्व

#### (क) सम्पत्ति कर

**विद्यमान अवस्था :**

गाउँपालिकाले चालु आर्थिक बर्ष सम्म संरचना र संरचनाले चर्चेको जग्गामा सम्पत्ती कर संकलन गरेको छैन र सबै जग्गामा भूमि कर (मालपोत) संकलन गर्दै आएको छ । सम्पत्ति कर कार्यान्वयनका लागि आर्थिक ऐन २०७७ मा सम्पत्ति कर प्रयोजनको लागि जग्गाको मूल्याङ्कन, भवन तथा संरचनाको मूल्याङ्कन र संरचनाको ह्रासकट्टी तथा सम्पत्ती करको दर व्यवस्था गरिएको छैन । यस शीर्षकबाट गत आ.व.मा कूनै रकम संकलन नभएको, चालु आ.व.को लागि रकम अनुमान पनि नगरिएको र हालसम्म रकम संकलन नभएको देखिन्छ ।

**संभाव्यता :**

यस गाउँपालिकाको २०६८ सालको जनगणना अनुसार कुल घरधुरी १०,७४२ रहेकोमा हाल १२,००० जती घरपरिवार पुगेको अनुमान गरिएको छ । विद्यमान कानूनी व्यवस्था अनुसार घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लगाउने व्यवस्था रहेको छ । सो आधारमा

यस गाउँपालिकामा धेरै घरपरिवारको बसोबास ऐलानी जग्गामा रहेको हुँदा करिब १०,००० घरपरिवारसँग मात्र नम्बरी जग्गा समेत घर तथा अन्य संरचना रहेको अनुमान गरिएको छ । उल्लिखित अनुमानका आधारमा यस अध्ययन प्रयोजनको लागि कूल सम्पत्ती करदाताको संख्या कायम गरी देहायबमोजिम सम्पत्ती करको कूल संभावना रहेको देखिन्छ ।

**तालिका ७ : सम्पत्ति करको सम्भाव्यता विवरण**

| सम्पत्ती मूल्य विवरण | करदाता संख्या (अनुमानित) | औसत करको दर (प्रति लाख) | सम्भाव्य संकलन (रु. हजारमा) |
|---|---|---|---|
| रु. ५ लाख सम्म | १२०० | ५० | ६०००० |
| रु. ५ लाख १ देखि १० लाख सम्म | १५०० | ७५ | ११२५०० |
| रु. १० लाख १ देखि २० लाख सम्म | २००० | १५० | ३००००० |
| रु. २० लाख १ देखि ५० लाख सम्म | २५०० | ३२५ | ८१२५०० |
| रु. ५० लाख १ देखी १ करोड सम्म | १४०० | ७०० | ९८०००० |
| रु. १ करोड १ देखि २ करोड सम्म | ८०० | १५०० | १२००००० |
| रु. २ करोड १ देखि ३ करोड सम्म | ४५० | ३५०० | १५७५००० |
| रु. ३ करोड भन्दा बढी | १५० | ७५०० | ११२५००० |
| **जम्मा** | **१००००** | **६१७** | **६१६५०००** |

## (ख) मालपोत वा भूमि कर

### विद्यमान अवस्था :

गाउँपालिकाले आर्थिक ऐन २०७७ जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) को दर निर्धारण छ । वडा कार्यालयहरू मार्फत् संकलन भई रहेको मालपोत (भूमिकर)को अद्यावधिक विवरणहरू गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरूले राखेको देखिदैन । अघिल्लो आ.व.मा तिरेको रसिदका आधारमा मालपोत कर संकलन गर्ने गरिएको र तिरेको रसिद हराएमा वा नतिरेको भएमा वडा कार्यालयको उपलब्ध अफिस कपी रसिद वा अन्य दस्तावेजको आधारमा मालपोत संकलन गर्ने गरेको पाईन्छ ।

आर्थिक वर्ष २०७७/७८ को आर्थिक ऐनमा जग्गगालाई राजमार्गले छोएका, पक्की सडकले छोएका, ग्राभेल सडकले छोएका, कच्ची सडकले, खेतीयोग्ग जमीन गरी प्रति कट्ठाको आधारमा मालपोत (भूमिकर)को दर निर्धारण गरेको छ र सो अनुसार वडा कार्यालय मार्फत मालपोत संकलन गर्दै आएको देखिन्छ । गत आ.व. २०७६/७७ मा मालपोतबाट रु. ५९ हजार संकलन भएको थियो र चालु आ.व.मा रु. ५ लाख अनुमान गरिएकोमा पौष मसान्त सम्म रकम संकलन भएको देखिदैन ।

### संभाव्यता :

मालपोत योग्य जग्गा र सोको करदाता सम्बन्धी यकीन तथ्याङ्क उपलब्ध नभएको हुँदा गाउँपालिकाको अनुमानित घरपरिवार संख्या १२,००० लाई आधार मानी यो करको सम्भाव्यता यकीन गरिएको छ । एक घरपरिवारमा एकभन्दा बढी व्यक्तिसँग जग्गाको स्वामित्व हुन सक्ने, केही घरधनीको पुरै जग्गा सम्पत्ती करको दायरामा आउने र केही जग्गाधनीले घर निर्माण नगरी घडेरी मात्र राख्ने तथा गाउँपालिका बाहिरका बासिन्दाहरूको समेत जग्गा भएको अवस्थालाई समेत ध्यानमा राखी कूल घरपरिवार संख्या १२,००० को दुई तिहाई (अर्थात ८,००० सँग) मात्र मालपोत (भूमिकर योग्य) जग्गा भएको अनुमान अनुमान गरिएको छ । उल्लिखित आधारमा विश्लेषण गर्दा मालपोत संकलनको सम्भावना देहाय अनुसार रहेको छ :

## तालिका ८ : भूमिकर (मालपोत) को सम्भाव्यता विवरण

| क्र.सं. | जग्गाको किसिम | मालपोत करदाता (अनुमानित) | औसत मूल्यांकन दर प्रति रोपनी | कुल सम्भाव्यता रकम (रु.) |
|---|---|---|---|---|
| १ | राजमार्गले छोएका | २००० | १५० | ३००००० |
| २ | पक्की सडकले छोएका | ८०० | १२५ | १००००० |
| ३ | ग्राभेल सडकले छोएका | २४०० | ८० | १९२००० |
| ४ | कच्ची सडकले छोएका | १२०० | ४५ | ५४००० |
| ५ | सडकले नछोएका खेतीयोग्य जमीन | १२०० | २५ | ३०००० |
| ६ | सडक नछोएका अन्य जमीन | ४०० | १० | ४००० |
| जम्मा | | ८००० | ८५ | ६८०००० |

## (ग) घरजग्गा बहाल कर

### विद्यमान अवस्था:

गाउँपालिकाले आर्थिक ऐन २०७७ मा गाउँपालिका क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक रुपमा बहाल लगाएमा धनीबाट वार्षिक रुपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । हाल संस्थागत रुपमा बहालमा लिने संस्थाहरूबाट मात्र कर बुझाउने गरेको देखिन्छ। नीजि व्यापार व्यवसाय र आवास प्रयोजनको लागि घरजग्गा भाडामा लगाउने धनीहरूबाट वहाल कर लिन सकिएको छैन ।

गत आ.व.२०७६/७७ मा घरबहालबाट रु. २३ लाख ११ हजार संकलन भएको थियो र चालु आ.व.मा **५ लाख** रकम गरिएको अनुमान गरिएको र पौष मसान्त सम्म रु. ३२ हजार संकलन भएको देखिन्छ।

### संभावना:

गाउँपालिकाको राजस्व संभाव्यता अध्ययनको क्रममा प्राप्त जानाकारी अनुसार गाउँपालिका क्षेत्रमा करिब ३३० घरजग्गा धनीले विभिन्न प्रयोजनका लागि घरजग्गा वहालमा लगाएको अनुमान गरिएको छ। संस्थागत बाहेकका घरजग्गा वहालमा लगाउने कमै अनुपातमा धनी वहाल कर बुझाउने गरेको अवस्था रहेको छ। यस कारण गाउँपालिकाले वहाल करको प्रगतिशिल दर (संस्थागत वहालको हकमा बहाल रकमको १० र नीजि प्रयोजन हकमा वहाल रकमको ५ प्रतिशत) दर निर्धारण गर्नु उपयुक्त हुने देखिन्छ।

## तालिका ९ : घरजग्गा करको सम्भाव्यता विवरण

| क्र. सं | प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको घरग्गा संख्या | औसत मासिक भाडा रकम | जम्मा वार्षिक भाडा असुली | प्रस्तावित करको दर | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | (क) | (ख) | (ग) | (घ) | (ङ) |
| | | अनुमानित | अनुमानित | क x ख x १२ | प्रतिशत | ग x घ |
| १ | संस्थागत प्रयोजनका लागि वित्तीय र सार्वजनिक संघ/संस्था, कार्यालयलाई वहालमा लगाउने | १५० | १६,००० | २८,८००,००० | १० | २,८८०,००० |
| २ | व्यवसायीक तथा घरयासी प्रयोजनले बहालमा लगाउने | ३६० | ६००० | २५,९२०,००० | ५ | १,२९६,००० |
| जम्मा | | ५१० | ११००० | ५४,७२०,००० | | ४,१७६,००० |

## (घ) व्यवसाय कर

### विद्यमान अवस्था:

गाउँपालिकाले आर्थिक ऐनमा उद्यम तथा व्यवसायहरूलाई वस्तु तथा सेवाका आधारमा ५६ विभिन्न समूहमा विभाजन गरी वार्षिक करको दर निर्धारण गरेको छ । करको दर न्यूनतम रु. १०० देखि अधिकतम रु. ५००,००० सम्म रहेको छ । गाउँपालिकाको आर्थिक ऐनमा व्यवसाय करको दर निर्धारण गरिएको छ तर व्यवसाय दर्ता गर्दा लाग्ने शुल्क भने उल्लेख छैन ।

गाउँपालिकाले व्यवसाय कर सम्बन्धी कार्यविधि बनाई सो अनुसार व्यवसाय दर्ता र कर संकलन गरिहेको छ । आ.व. २०७६/७७ मा व्यवसाय करको शीर्षकवाट करिब रु.८५ हजार संकलन भएकोमा चालु आ.व.को लागि रकम अनुमान गरिएको पौष मसान्त सम्म रकम भएको देखिदैन ।

### संभावना :

गाउँपालिकामा हाल संचालित व्यवसाय सम्बन्धी अद्यावधिक तथ्यांक उपलब्ध रहेको छैन । केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को नतिजा बमोजिम १३२४ रहेको र गाउँपालिकामा दर्ता भएका व्यवसायहरूको विवरण तथा कार्यशालाका दौरान गरिएको छलफलका आधारमा व्यवसायको संख्या अनुमान गरिएको छ । यस गाउँपालिकामा करिब १५०० वटा विभिन्न किसिमका उद्यम तथा व्यवसायहरू संचालनमा रहेको अनुमान छ । सोही आधारमा विश्लेषण गरी व्यवसाय करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

**तालिका १० : व्यवसाय करको सम्भाव्यता विवरण**

| क.सं. | व्यापार व्यवसायको विवरण | संख्या | औसत वार्षिक करको दर | संभावित आय (रु.) |
|---|---|---|---|---|
| १ | क्रसर उद्योगहरू | ७ | २०००० | १४०००० |
| २ | पेट्रोल पम्पहरू | ५ | ७,५०० | ३७५०० |
| ३ | साना उद्योग तथा मिलहरू | ९० | ३००० | २७०००० |
| ४ | हाइवे होटेल रेष्टुरेण्टहरू | ६० | २५०० | १५०००० |
| ५ | साना होटेल रेष्टुरेण्ट तथा नास्ता पसल | ३०० | ५०० | १५०००० |
| ६ | कृषि तथा पशुपंक्षी फर्म | १०६ | ५०० | ५३००० |
| ७ | बैंक तथा वित्तीय संस्था | ५ | ५००० | २५००० |
| ८ | निजी विद्यालय | ५ | २००० | १०००० |
| ९ | औषधी पसल तथा क्लिनिक | २४ | २०० | ४८०० |
| १० | हार्डवयर पसल | ३८ | ३,००० | ११४००० |
| ११ | फेन्सी तथा कपडा पसल | ५० | १००० | ५०००० |
| १२ | खुद्रा तरकारी तथा फलफूल पसल | ३०० | २०० | ६०००० |
| १३ | ट्रेनिङ्ग सेन्टर र सेवामूलक व्यवसाय | १० | ५०० | ५००० |
| १४ | अन्य व्यवसाय | ५०० | २०० | १००००० |
| | **जम्मा** | **१५००** | **४३२** | **११६९३००** |

## (ङ) जडिबुटी, कवाडी, जीवजन्तु कर

### विद्यमान अवस्थाः

गाउँपालिकाकालाई जडिबुटी, कवाडी र कानूनले निषेध गरेका बाहेक मृत वा मारिएको जिवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोबारमा जडिबुटी, कवाडी र जीवजन्तु कर लगाउन सक्ने स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरेको छ । उपरोक्त कानूनी व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक ऐनमा वन पैदावर/जडिबुटी, कवाडि कर र जीवजन्तु कर तथा शुल्कको दर पनि निर्धारण गरेको देखिन्छ। उक्त दरमा वन पैदावर, खसी, बोका, बंगुर, राँगाभैसी र गोरुको निकासी करको दर समेत तोकेको देखिन्छ। जुन कानून सम्मत छैन ।

गत आ.व.मा यस शिर्षकबाट कर रकम संकलन भएको छैन भने चालु आ.व.का लागि अनुमान समेत गरिएको छैन । गाउँपालिकाले कवाडी सामानको व्यापारिक कारोबार गर्ने र कानूनले निषेध नगरेका मरेका वा मारिएका पशुपंक्षीको हाड सिंग र छालाको पनि व्यवसायिक कारोबार गर्नेलाई इजाजत दिई क्विक्टनका दरले कारोबार गर्नेहरूबाट कर संकलन गर्न उपयुक्त हुने देखिन्छ।

### संभावना

गाउँपालिका क्षेत्रमा जडिबुटीको प्रशस्त संभावना रहेको र यसको व्यावसायिक कारोबार गर्ने व्यवसायहरू रहेका छन् तर अन्य मरेका जीवजन्तु र कवाडी संकलन र कारोबार हुने गरेको देखिन्छ। जडिबुटी, कवाडी र जीवजन्तु करका सम्बन्धमा सूचना तथा विवरण उपलब्ध नभएकाले आगामी आ.व.मा एकमुष्ट **रु. ३ लाख** संकलन हुन सक्ने अनुमान गरिएको छ।

## (च) विज्ञापन कर

### विद्यमान अवस्थाः

गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा व्यवसायिक प्रयोजनका लागि गरिने विज्ञापनको लागि राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, ग्लो बोर्ड र स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानून अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकम मध्ये ४० प्रतिशत रकम प्रदेश सरकारलाई बाँडफाँट गर्नु पर्नेछ।

गाउँपालिकाले आर्थिक ऐनका् दफामा विभिन्न किसिमका विज्ञापनका सामग्रीहरूको विज्ञापन गरे वापतको विज्ञापन कर गरेको छ तर अनुसूचीमा करको निर्धारण नभएके देखिन्छ । यस शीर्षकबाट गत आ.व. २०७६/७७ मा कुनै रकम संकलन नभएको र चालु आ.व.का लागि यस शीर्षकमा रकम अनुमान नगरेको र पौष मसान्त सम्म रकम समेत संकलन नभएको स्थिति रहेको छ।

### संभावना

यो गाउँपालिका भएर पूर्व पश्चिम राजमार्गमा गएको र नेपालको पश्चिम क्षेत्रका नेपालगञ्ज, कोहलपुर, लमही, घोराही तथा तुल्सीपुर जस्ता व्यापारिक तथा औद्योगिक क्षेत्रहरूसँग जोडिएको तथा पर्यटकीय महत्वको समेत क्षेत्र भएको हुँदा यस गाउँपालिकामा विज्ञापन कर संकलनको संभावना रहेको छ । गाउँपालिकामा सूचीकृत कम्पनी तथा छलफलको आधारमा गाउँपालिका क्षेत्र भित्र विभिन्न स्थानमा गरी करिब ४८० वटा विभिन्न विज्ञापनका सामग्री राखिएको अनुमान गरिएको छ।

सोही अनुमानका आधारमा विश्लेषण गरी विज्ञापन करको देहायअनुसार सम्भाव्यता यकिन गरिएको छ :

तालिका ११ : विज्ञापन करको सम्भाव्यता विवरण

| विज्ञापन सामग्री | विज्ञापन सामग्रीको साइज अनुसार संख्या | | | | औषत दर प्रति गोटा (रु.) | संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | ठूला | मध्यम | साना | जम्मा | | |
| होर्डिङ वोर्ड, ग्लोब वोर्ड | ६० | ८० | १२० | २६० | २००० | ५२०००० |
| डिजिटल तथा साइन वोर्ड | ३० | ४० | ६० | १३० | ६०० | ७८००० |
| फ्लेक्स व्यानर | २० | ३० | ४० | ९० | ३०० | २७००० |
| **जम्मा** | **११०** | **१५०** | **२२०** | **४८०** | **१३०२** | **६२५०००** |

## (५) सवारी कर (साना सवारी)

**विद्यमान अवस्था :**

विद्यमान व्यवस्था अनुसार स्थानीय तहले टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता र नवीकरण वापत सवारी कर लगाउने अधिकार रहेको छ । सो व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक ऐनमा गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा सवारी कर लगाउन सक्ने गरी ऐनको दफामा सवारी करको व्यवस्था गरेको छ । तर ऐनको व्यवस्था बमोजिम अनुसूचीमा सवारी करको दर निर्धारण नभएको देखिन्छ ।

सवारी साधन कर तर्फ गत आव.मा कुनै रकम संकलन भएको चालु आ.व.को लागि रकम अनुमान पनि नगरेको र पौष मसान्तसम्म कुनै रकम संकलन पनि नभएको देखिन्छ ।

**संभावना:**

गाउँपालिका क्षेत्रमा करिब संचालनमा रहेका र नयाँ दर्ता हुने अटोरिक्साहरू ९० वटा हुने अनुमान गरिएको छ । गाउँपालिकाले प्रति अटोरिक्सा दर्ता तथा नविकरण वापत रु. १००० सवारी कर निर्धारण गर्दा वार्षिक **रु. ९० हजार** यसबाट संकलन हुन सक्ने सम्भावना देखिन्छ ।

### ३.२.२ गैर कर राजस्व

## (क) ढुङ्गा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को संशोधनले दफा ६२ क थप गरी गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय अध्ययन तथा परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐनमा भएको यस संशोधनसँगै यस शीर्षकको राजस्व स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्दछ । यसै गरी नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ ले स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्रीबाट संकलित राजस्व मध्ये ६० प्रतिशत रकम स्थानीय संचित कोषमा र ४० प्रतिशत रकम प्रदेश संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ । तर सो अनुसार ऐनमा संशोधन भई नसकेको अवस्था छ ।

यस सम्बन्धमा वातावरण संरक्षण ऐन २०७६ र नियमावली २०७७ ले संक्षिप्त वातावरण अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातवारणीय प्रभाव मूल्याकंन समेतको व्यवस्था गरेको छ र सो अनुसार अध्ययनको सिफारिशका आधारमा बिक्री दर निर्धारण गरी गाउँपालिकाले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानूनी व्यवस्था रहेको छ ।

## संभावना

चालु आ.व.को आर्थिक ऐनमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र माटोको आन्तरिक निकासी र वाह्य निकासीको दर निर्धारण गरिएको छ । ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा माटोको निकासी करको व्यवस्था कानून सम्मत नभएको देखिन्छ । गाउँपालिकाले मुगुवा खोला, झिंझरी खोला, खैरी खोला लगायत विभिन्न २८ वटा सम्भाव्य स्थानहरूको वातावरणीय अध्ययन गरी सो अनुसार ठेक्काबाट संकलन र बिक्रीको व्यवस्था गरेको छ । वातावरणीय अध्ययन गरिएका स्थान र उत्खननको लागि सिफारिश परिमाण देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२ : गाउपालिकाले प्रारम्भिक वातावरण परिक्षण गरेका स्थल र परिमाण**

| क्र.सं. | उत्खनन तथा गर्ने नदी तथा स्थानको नाम | वार्षिक उत्खनन् योग्य परिमाण | |
|---|---|---|---|
| | | घनमिटर | घनफिट |
| १ | मुगुवा खोला (क र ख) | १६२००० | ५७२१०३० |
| २ | झिंझरी खोला (क - ज) | ३०७०० | १०८४१७१ |
| ३ | खैरी खोला | ३९००० | १३७७२८५ |
| ४ | परुवा खोला (क - च) | १९९०० | ७०२७६९ |
| ५ | सिंघनिया घाट | ८१००० | २८६०५१५ |
| ६ | वग्दैला घाट क (कञ्चनपुर) | ८१००० | २८६०५१५ |
| ७ | वग्दैला घाट ख (कञ्चनपुर) | ८१००० | २८६०५१५ |
| ८ | खल्ला टपरी घाट | ८१००० | २८६०५१५ |
| ९ | टिकुलीपुर नाका | ४१००० | १४४७९१५ |
| १० | धोलिया खोला दोभान | २९००० | १०२४१३५ |
| ११ | जलला घाट (क - ग) | ८१००० | २८६०५१५ |
| १२ | चुर क्षेत्र (भम्का खोला) | ८००० | २८२५२० |
| १३ | चुर क्षेत्र (चोरघटवा खोला) | ७५०० | २६४८६३ |
| | **जम्मा** | **७४२१००** | **२६२०७२६२** |

*नोटः १ घन फिट बराबर ०.०२८३१६८ मिटर तथा १ घन मिटर बराबर ३५.३१५ ले हिसाब गरिएको छ ।*

गत आ.व. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा माटो बिक्रीको ठेक्का नलागेकोले अमानतबाट करिब रु. १२ लाख २२ हजार संकलन भएको थियो । चालु आ.व. रु. १२ करोड ४५ लाख ८४ हजार अनुमान गरेकोमा रु. १३ करोड ठेक्का लागेको छ ।

## संभावना

उल्लेखित अवस्थाका आधारमा विश्लेषण गर्दा यस गाउँपालिका क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य वस्तुको संभावना रहेको छ । आगामी आ.व.का लागि गाउँपालिकाले चालु आ.व.को लागि प्रस्तावित बिक्री दर रु. ८ प्रति क्युबिक फिट निर्धारण गर्दा देहाय बमोजिमको रकम संकलनको संभावना रहेको छ :

**तालिका १३ : वातावरणीय अध्ययन गरिएका उत्खनन स्थलह नदीजन्य पदार्थ बिकी सम्भावना**

| क्र.सं. | नदी तथा स्थानका नाम | वार्षिक उत्खनन् योग्य परिमाण (घ.फि) | बिक्रि दर (प्रति घ.फि.) | सम्भाव्य बिक्री रकम (रु.) |
|---|---|---|---|---|
| १ | मुगुवा खोला (क र ख) | ५७२१०३० | ८.० | ४५७६८२४० |
| २ | झिंझरी खोला (क - ज) | १०८४१७१ | ८.० | ८६७३३६४ |
| ३ | खैरी खोला | १३७७२८५ | ८.० | ११०१८२८० |
| ४ | परुवा खोला (क - च) | ७०२७६९ | ८.० | ५६२२१४८ |
| ५ | सिंघनिया घाट | २८६०५१५ | ८.० | २२८८४१२० |

| क्र.सं. | नदी तथा स्थानका नाम | वार्षिक उत्खनन् योग्य परिमाण (घ.फि) | बिक्रि दर (प्रति घ.फि.) | सम्भाव्य बिक्री रकम (रु.) |
|---|---|---|---|---|
| ६ | वग्दैला घाट क (कञ्चनपुर) | २८६०५१५ | ८.० | २२८८४१२० |
| ७ | वग्दैला घाट ख (कञ्चनपुर) | २८६०५१५ | ८.० | २२८८४१२० |
| ८ | खल्ला टपरी घाट | २८६०५१५ | ८.० | २२८८४१२० |
| ९ | टिकुलीपुर नाका | १४४७९१५ | ८.० | ११५८३३२० |
| १० | धोलिया खोला दोभान | १०२४१३५ | ८.० | ८१९३०८० |
| ११ | जलला घाट (क - ग) | २८६०५१५ | ८.० | २२८८४१२० |
| १२ | चुर क्षेत्र (भम्का खोला) | २८२५२० | ८.० | २२६०१६० |
| १३ | चुर क्षेत्र (चोरघटवा खोला) | २६४८६३ | ८.० | २११८९०० |
| | **जम्मा** | २६२०७२६२ | ८.० | २०९६५८०९२ |

उक्त रकम नेपाल सरकारबाट जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम प्रदेश सरकारसँग ४० प्रतिशत रकम बाँडफाँट गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## ख. काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर विक्री

**विद्यमान अवस्था :**

गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको वन क्षेत्र वाहेक **सार्वजनिक तथा ऐलानी जग्गामा रहेको** काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र सो बाट प्राप्त आम्दानी स्थानीय संचित कोषमा जम्मा हुने स्थानीय सरकार संचालन ऐन २०७४ (संशोधन) व्यवस्था रहेको छ । यस अनुसार वन क्षेत्र बाहेक सार्वजनिक प्रति जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तरको विक्रीको लागि गाउँपालिकाले विक्री दर निर्धारण गरेको छ । यसका साथै आर्थिक ऐन २०७७ को अनुसूची भित्र जैविक विविधता र वन विकास शुल्को दर निर्धारण भएको छ, जुन कानून सम्मत नरहेको देखिन्छ ।

यस शीर्षकमा गत आ.व.मा कूनै रकम संलकन नभएको, चालु आ.व.को लागि अनुमान नगरिएको र हालसम्म कुनै रकम संकलन नभएको देखिन्छ ।

**संभावना**

यस गाउँपालिका क्षेत्रमा विशेष गरी राप्ती, मुगुवा खोला, भिंभरी खोला, खैरी खोला लगायतका नदी खोलामा बगेर र दहेर आउने रुख तथा काठ दाउरा आउने र सोको अनाधिकृत रुपमा प्रयोग भईरहेको छ । यसलाई संकलन गरी विक्री गर्न गाउँपालिकाले यसबाट आम्दानी गर्न सक्ने सभावना रहेको छ । यस गाउँपालिका क्षेत्र भित्रका नदी खोलाबाट वगेर र दहेर आउने रुखहरूबाट बार्षिक कम्तीमा ३००० क्यूविक फिट जति संकलन हुने सक्ने र प्रति क्यूविक फिट **रु. ५००** दरले विक्री गर्दा बार्षिक **१५ लाख** आय संक्लनको संभावना रहेको देखिन्छ ।

## (ख) बहाल बिटौरी शुल्क

**विद्यमान अवस्था :**

गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार, सरकारी र सार्वजनिक जग्गाको उपयोग गरे बापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानूनी व्यवस्था छ । गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरू तथा उक्त जग्गामा बनेका संरचना र संचालित पसलहरूबाट बहाल विटौरी शुल्क लगाउन सकिने प्रावधान सहित शुल्कको दरहरू आर्थिक ऐनमा व्यवस्था गरेको छ । हाल गाउँपालिकाको क्षेत्र हाटबजार संचालन नभएको स्थिति रहेको छ तर गाउँपालिकाको धेरै क्षेत्रमा ऐलानी प्रति जग्गामा घर निर्माण तथा पसलहरू संचालन गरी सरकारी र सार्वजनिक जग्गाको प्रयोग भइरहेको देखिन्छ ।

आ.व. २०७६/७७ मा यस शीर्षकवाट कूनै रकम संकलन नभएको र चालु आ.व.को लागि कुनै रकम अनुमान समेत नगरेको र पौष मसान्त सम्म संकलन पनि नभएको देखिन्छ ।

### संभावना

गाउँपालिका क्षेत्रको सरकारी, ऐलानी र पर्ती जग्गामा घर समेत विभिन्न संरचना निर्माण गरी घर पसलहरू संचालनमा रहेकोले बहाल विटौरी शुल्क संकलनको संभावना धेरै रहेको देखिन्छ । गाउँपालिका भित्रका कसुम, वैरिया, अगैया, टिकुलीपुर, हरिपुर, वैजापुर, फत्तेपुर, सम्शेरगञ्ज र ढकेरी क्षेत्रमा केही मात्रामा ऐलानी जग्गा रहेको र उक्त स्थानमा संरचना निर्माण गरी जग्गाको उपयोग गरेको देखिन्छ । उक्त स्थानहरूमा ऐलानी जग्गा प्रयोग वापत वहाल विटौरी शुल्क संभावना रहेको देखिन्छ । यसै वडा नम्बर ४ वैजापुर तथा ८ मा सम्शेरगञ्जमा पूर्वाधार समेत व्यवस्थित रुपमा हाटबजार संचालनको संभावना रहेको छ । ऐलानी पर्ती जग्गामा बनेका संरचना लगायत हाटबजारमा पसल संचालन गरे वापत वहाल विटौरी शुल्क गर्न सकिने सोबाट देहायअनुसार वहाल विटौरी शुल्क संकलनको संभावना रहेको देखिन्छ ।

**तालिका १४ : बहाल विटौरी शूल्कको सम्भावना विवरण**

| क्र.सं. | स्थान | क्षेत्रफल (कठ्ठा) | उपयोग कर्ता/पसल | बार्षिक शुल्कको दर (रु. प्रति संरचना/पसल) | कूल संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | वडा नं. कुसुम | १५८ | १०५ | ३००० | ३१५००० |
| २ | वडा नं. १, वैरिया | ४५ | ३० | ३००० | ९०००० |
| ३ | वडा नं. २ अगैया | १५९ | १०६ | ३००० | ३१८००० |
| ४ | वडा नं. २ टिकुलीपुर | ३६० | २४० | ३००० | ७२०००० |
| ५ | वडा नं. २ हरिपुर | १०५ | ७० | ३००० | २१०००० |
| ६ | वडा नं. ३, ४, ५ वैजापुर | २२५ | १५० | २००० | ३००००० |
| ७ | वडा नं. ६ र ७ फत्तेपुर | २६३ | १७५ | २००० | ३५०००० |
| ८ | वडा नं. ८, सम्शेरगञ्ज, वालापुर | १५० | १०० | ३००० | ३००००० |
| ९ | वडा नं. ९, ढकेरी | १३५ | ९० | ३००० | २७०००० |
| १० | हाट बजार वडा नं. ४ ...... | ९० | ६० | १५०० | ९०००० |
| ११ | हाटबजार वडा नं. ८ सम्शेरगञ्ज | ६८ | ४५ | १५०० | ६७५०० |
| | **जम्मा** | **१७५७** | **११७१** | **२५८८** | **३०३०५००** |

## (ग) नक्सा पास दस्तुर

### विद्यमान अवस्था :

स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र नयाँ निर्माणको लागि नक्शा पास गर्दा वस्ती विकास तथा भवन निर्माण आधारभूत मापदण्ड २०७२ र गाउँपालिकाबाट स्वीकृत भवन निर्माण मापदण्ड लागू हुनु पूर्व निर्माण भएका भवनको अभिलेखिकरण वापत दस्तुर लिन सक्ने कानूनी व्यवस्था रहेको छ । गाउँपालिकाले नक्सापास र अभिलेखिकरणको कार्य पूर्वाधार विकास शाखा मार्फत गर्दै आईरहेको छ । आर्थिक ऐन २०७७ मा आर.सि.सि. फ्रेमस्ट्रक्चर भवनको तला अनुसार र सिमेण्ट जोडाइको ढलान घर, सिमेण्टको जोडाईमा ईट्टा वा ढुंगाको गाह्रो जस्तापातको छाना र माटोका जोडाईको कच्ची घर र निर्माण भैसकेको घरको नियमनको दस्तुरको दर निर्धारण गरेको छ । यसै गरी कम्पाउण्ड वाल निर्माणको दर समेत निर्धारण गरेको छ । कार्यपालिका कार्यालयमा उपलब्ध विवरण अनुसार गत आ.व. २०७६/७७ सम्म ७ वटा नयाँ घर र ४३ वटा भवन निर्माण मापदण्ड लागू हुनु पूर्व बनेका घरहरूको अभिलेखीकरण भएको देखिन्छ ।

गत आ.व.मा सम्म कुनै घरको नक्शा तथा नियमनको कार्य वापत नक्शापास दस्तुर वापत कुनै रकम संकलन भएको देखिन्छ भने चालु आ.व.को लागि रु ५ लाख अनुमान गरेकोमा र पौष मसान्तसम्म ५१ हजार संकलन भएको देखिन्छ ।

**संभावना**

यस गाउँपालिका क्षेत्रमा हालका दिनमा आवासीय र व्यापारिक दुवै वर्गका भवन निर्माणमा विस्तारै बढ्दै जाने अनुमान गरिएको छ । आगामी आ.व.मा गाउँपालिका क्षेत्रमा करिब १५० वटा आवासीय घरहरू र ६० जती व्यवसायिक भवन निर्माण हुने अनुमान गरिएको छ । गाउँपालिका क्षेत्रमा अभिलेखीकरण योग्य घरहरू मध्ये आगामी वर्ष करिब ५० वटा पुराना घरहरू अभिलेखीकरणको दायरामा आउने अनुमान गरिएको छ । अध्ययनको क्रममा आवासीय घरको औषत साइज ८०० वर्ग फिट र व्यापारिक भवनको साइज १८०० वर्ग फिट मानी कूल संभावना निर्धारण गरिएको छ । गाउँपालिका क्षेत्रमा नक्शापास र अभिलेखीकरण दस्तुरको सम्भावना देहायबमोजिम रहेको छ :

**तालिका १५ : नक्सापास दस्तूरको सम्भाव्यता विवरण**

| भवनको किसिम र बनोट | भवनको संख्या | भवनको औषत साइज (वर्ग फिट) | औषत दस्तुर प्रति घर | | कूल संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | प्रति फिट | प्रति घर | |
| आवासीय भवन | ४० | ८०० | ४ | ३२०० | १२८००० |
| व्यापारिक भवन | २० | १५०० | ५ | ७५०० | १५०००० |
| पुराना भवन अभिलेखीकरण | १०० | ७०० | २ | १४०० | १४०००० |
| **जम्मा** | **१६०** | **१०००** | **३.७** | **३६६७** | **४१८०००** |

## (घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**विद्यमान अवस्था :**

स्थानीय सरकारले एफएम रेडियो संचालन, “घ” वर्गको निर्माण व्यवसाय इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाउँपालिकाले ***“घ” वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि*** *तथा* ***एफएम रेडियो व्यवस्थापन तथा संचालन कार्यविधि, २०७४*** तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो वापत दस्तुर संकलन गरिरहेको भएता पनि सो को व्यवस्था आर्थिक ऐनमा गरेको देखिदैन । हालसम्म २७० वटा व्यवसायिक फर्महरूले गाउँपालिकाबाट लाईलेन्सको लागि अनुमति लिएको अभिलेखबाट देखिन्छ ।

गत आ.व. २०७६/७७ मा यस शीर्षकबाट २ लाख ५२ हजार रकम संकलन भएको चालु आ.व.मा रु. ५ लाख ५० हजार अनुमान नगरिएकोमा चालु आ.व.को मंसिर मसान्त सम्म १ लाख २ हजार रकम संकलन भएको देखिन्छ ।

**संभावना**

गाउँपालिका क्षेत्रमा संचालनमा रहेका स्थानीय स्तरका ब्यापारिक फर्म, “घ” वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिने कानूनी व्यवस्था रहेको छ । यस अध्ययनको दौरान गरिएको छलफलमा करिब ३०० वटा

उल्लिखित व्यवसायिक फर्महरू दर्ता हुने अनुमान गरिएको छ । त्यस्ता संस्थाहरूलाई दर्ता तथा अनुमति प्रदान गर्दा व्यवसाय रजिष्ट्रेशन दस्तुर संकलनको संभावना देहाय अनुसार रहेको देखिन्छ ।

**तालिका १६ : व्यवसाय रजिष्ट्र दस्तूरको सम्भाव्यता विवरण**

| क.सं. | व्यवसायको प्रकार | संख्या | औषत दर | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|
| १ | घ वर्गका निर्माण व्यवसाय | १८ | ३५०० | ६३००० |
| २ | फार्मेसी, निजी विद्यालय, तालिम प्रदायक संस्था | १५ | २१०० | ३१५०० |
| ३ | स्थानीय व्यवसायिक फर्म | ५०० | १५०० | ७५०००० |
| ५ | सहकारी | ४५ | ५०० | २२५०० |
| **जम्मा** | | **५७८** | **१५००** | **८६७०००** |

## (च) मुख्य सेवा शुल्क

### *१. पार्किङ शुल्क*

**विद्यमान अवस्था :**

विद्यमान कानून अनुसार गाउँपालिकाले आफुले निर्माण गरी संचालन तथा व्यवस्थापन गरेको पार्किङ स्थलहरूमा सवारी साधनहरूलाई पार्किङ सेवा उपलब्ध गराए वापत गाउँपालिकाले स्वीकृत दरमा पार्किङ शुल्क लिन पाउने व्यवस्था रहेको छ । गाउँपालिकाबाट संचालन र व्यवस्थापन गरेको बस बिसौनी र पार्किङ स्थलहरूमा सवारी साधन र पार्किङ गरे वापत पार्किङ शुल्क लिन सक्ने कानूनी व्यवस्था रहेको छ । यस बामोजिम आर्थिक ऐन २०७७ मा पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्कको दर निर्धारण गरेकोछ ।



वडा नं. २ अवस्थित गाउँ कार्यपालिका कार्यालय अगाडि रहेको पार्किङ

चालु आ.व.को आर्थिक ऐनमा पार्किङ शुल्कको दर निर्धारण गरेको तर बसपार्क र पार्किङ स्थलको निर्माण र संचालन नभएको यस शीर्षकमा कुनै रकम अनुमान नगरेको र पौष मसान्तसम्म संकलन समेत नभएको देखिन्छ ।

**संभावना :**

गाउँपालिकाको राजमार्गका छेउछाउका कुश्मा, अगैया, सम्शेरगञ्ज, ढकेरी जस्ता जार क्षेत्रमा बस पार्क तथा पार्किङ्ग स्थलको अभाव हुँदा अनाधिकृत रुपमा सडक पेटी र सार्वजनिक स्थानमा सवारी साधनहरू पार्किङ गर्नु पर्ने अवस्था रहेको छ । यस समस्यालाई मध्यनजर गर्दै बस तथा सार्वजनिक यातायातका सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराउन गाउँपालिकाले गाउँपालिका कार्यालय अगाडी क्षेत्र, अगैया बजार, सम्शेरगञ्ज तथा ढकारी र बजार लगायत अन्य क्षेत्रमा गाडि धुने सुविधा समेत पार्किङ सेवा उपलब्ध गराउन पार्किङ स्थल निर्माण गर्न प्रस्ताव गरेको छ ।

बस पार्क, बिसौनी र पार्किङस्थलहरू निर्माण गरी पार्किङ सेवा उपलब्ध गराए वापत प्रति सवारी प्रति दिन रु. १५ का दरले शुल्क निर्धारण गरेमा र हाटबजार अवस्थामा देहायअनुसार पार्किङ शुल्कको संभावना रहेको देखिन्छ ।

**तालिका १७ : पार्कि□ शुल्कको सम्भाव्यता विवरण**

| क्र.सं. | बसपार्क वा पार्किङ रहेको स्थान | सवारी साधनको संख्या | पार्किङ शुल्कको दर (रु.) | | कूल संभाव्य रकम (रु.) |
|---|---|---|---|---|---|
| | | | बार्षिक | दैनिक | |
| १. | अगैया बजार क्षेत्र | २० | ९००० | २५ | १८०००० |
| २. | कार्यपालिका कार्यालय क्षेत्र | १० | ९००० | २५ | ९०००० |
| ३. | सम्शेरगञ्ज क्षेत्र | १५ | ९००० | २५ | १३५००० |
| ४. | ढकेरी क्षेत्र | १५ | ९००० | २५ | १३५००० |
| | **जम्मा** | ६० | ९००० | २५ | ५४०००० |

### *२. फोहरमैला व्यवस्थापन शुल्क*

**विद्यमान अवस्था :**

गाउँपालिकाले फोहोरमैला संकलन तथा व्यवस्थापन सेवा दिए वापत शुल्क लिन सक्ने कानूनी व्यवस्था रहेको छ । सो बमोजिम चालु आ.व.को आर्थिक ऐनमा गाउँपालिकाले फोहोरमैला संकलन सेवा वापत शुल्कको दर (नीजि घर, संस्थागत र होटेल रेष्टुरेण्ट तथा अन्य पसलहरू) निर्धारण गरेको छैन ।

गत आर्थिक वर्ष २०७६/७७ मा सरसफाई शुल्कबाट शुल्क संकलन नभएको तथा चालु आ.व.मा फोहोरमैला शुल्कको रकम अनुमान नगरिएको र पौष मसान्तसम्म कुनै रकम संकलन नभएको स्थिति रहेको छ ।

**सम्भावना :**

उपलब्ध तथ्याङ्क तथा अध्ययनको दौरान गरिएको छलफलका आधारमा विश्लेषण गर्दा गाउँपालिकाको वडा नं. १ को कुसुम, वैरिया, वडा नं. २ को अगैया, ३ को वैजापुर, वडा नं. ८ को सम्शेरगञ्ज र ९ को ढकेरी बजार क्षेत्रमा करिव १३५५ आवासीय, संस्थागत र व्यवसायिक घर, व्यवसाय र संस्थाहरूलाई सेवा पुर्‍याउने सो वापत प्रति घर तथा व्यवसाय मासिक रु. ७५ निर्धारण गरेमा बार्षिक **रु. १२ लाख १९ हजार २७५** शुल्क संकलनको संभावना रहेको देखिन्छ ।

### *३. सम्पत्ती तथा आयश्रोत मूल्याङ्कन सेवा शुल्क (अन्य प्रशासनिक सेवा शुल्क)*

**विद्यमान अवस्था :**

घर जग्गा लगायत अचल सम्पत्ती र आयस्रोत मूल्याङ्कन गरी दिए वापत स्थानीय सरकारले मूल्याङ्कन सेवा शुल्क लिन पाउने व्यवस्था विद्यमान कानूनले गरेको छ । सो व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक ऐन २०७७ मा जग्गा/सम्पत्ती मूल्याङ्कन सिफारिश शीर्षक राखेर अन्य प्रशासनिक सेवा सेवा शुल्कको दर निर्धारण गरेको छ । सम्पत्ती मूल्याङ्कन सेवा शुल्क मूल्यांकन रकम अनुसार रु. ३५० देखि ६००० सम्म निर्धारण गरिएको छ ।

यस शीर्षकमा गत आ.व. २०७६/७७ मा रु. ७ लाख ७१ हजार संकलन भएको थियो भने चालु आ.व.को लागि रु. ३५ लाख अनुमान गरिएको पौष मसान्त सम्म रु. २० हजार संकलन भएको देखिन्छ ।

**संभावना :**

गाउँपलिकाले प्रदान गर्ने सम्पत्ती तथा आयश्रोत मूल्याङ्कन सम्बन्धी सेवा बार्षिक करिब ६०० सेवाग्राहीले उपयोग गर्ने र सो वापत रु. २००० शुल्क निर्धारण गर्दा आगामी आ.व.मा सम्पत्ती तथा मूल्याङ्कन सेवा शुल्कबाट करिब **रु. १२ लाख** शुल्क संकलन हुने अनुमान गरिएको छ ।

### *४. पर्यटन शुल्क*

**विद्यमान अवस्था :**

यस गाउँपालिकामा रमणीय पर्यटकिय तथा धार्मिक दृष्टिकोणले महत्वपुर्ण स्थानहरू रहेका छन् । ढकेरी जडिबुटी पार्क, रिम्ना सामुदायिक पार्क, सम्शेरगञ्ज पार्क, अगैया पार्क तथा भ्यूटावर, खर्सेताल लगायतस्थान तथा क्षेत्र यस गाउँपालिकाका प्रमुख पर्यटकीय, धार्मिक र साँस्कृतिक आकर्षणहरू हुन् । जसलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न सक्ने संभावना रहेको छ ।

गाउँपालिकाले आर्थिक ऐन २०७७ को दफामा पर्यटन शुल्क व्यवस्था गरेको तर दर निर्धारण गरेको छैन । यस शीर्षकबाट चालु आ.व.मा शुल्कको रकम समेत अनुमान नगरेको र रकम समेत संकलन नभएको स्थिति देखिन्छ ।

**सम्भावना :**

पर्यटन शुल्क संकलनको संभावना भएका क्षेत्र रमणीय, पर्यटकीय तथा साँस्कृतिक क्षेत्र र स्थलहरूमा पूर्वाधार र सुविधाको र विकास तथा प्रवर्द्धन गरेमा पर्यटन शुल्कबाट देहायअनुसार आय संकलनको संभावना रहेको छ । पर्यटन प्रवर्धनको लागि मेला पर्वको बेला न्यूनतम शुल्क लिने अन्य वेलामा निशुल्क प्रवेशको व्यवस्था गर्नु उपयुक्त हुनेछ ।

**तालिका १८ : पर्यटन शुल्कको सम्भाव्यता विवरण**

| क्र.सं. | पर्यटकीय स्थलको नाम | औषत पर्यटक संख्या (अनुमानित) | | प्रवेश शुल्क दर (रु.) | आय सम्भावना (रु.) |
|---|---|---|---|---|---|
| | | दैनिक | वार्षिक | | |
| १ | जडिबुटी उद्यान ढकेरी, वडा नं. ९ | २० | ७२०० | २० | १४४००० |
| २ | रिम्ना सामुदायिक वन पार्क, ढकेरी | १५ | ५४०० | १५ | ८१००० |
| ३ | सम्शेरगञ्ज पार्क, वडा नं. ८ | १५ | ५४०० | २० | १०८००० |
| ४ | अगैया पार्क तथा भ्यू टावर, वडा नं. २ | २५ | ९००० | ४० | ३६०००० |
| ५ | खर्सेताल (वडा नं. १) | १० | ३६०० | १५ | ५४००० |
| | **जम्मा** | **८५** | **३०६००** | **२०** | **७४७०००** |

## (छ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**विद्यमान अवस्था :**

स्थानीय सरकारले आफ्नो स्वामित्वमा रहेको भवन, जग्गा, मेशिन औजार तथा अन्य उपकरणहरू जस्ता सरकारी सम्पत्तिहरू बहालमा लगाउन सक्ने व्यवस्था रहेको छ । हाल यस गाउँपालिकाले ग्रेडर, रोलर, वैठक तथा तालिम हलको भाडा दर निर्धारण गरी भाडा लगाएको छ । हाल ऐलानी तथा पर्ति जग्गा विद्यायलहरूले भाडामा लगाएको देखिन्छ । तर उक्त जग्गा वहालमा लगाए बापत प्राप्त आय गाउँपालिकाको संचित कोषमा जम्मा नभएको र सोको लागि गाउँपालिकाले वहालको दर समेत निर्धारण नगरेको यसका लागि खासै प्रयास समेत नगरेको देखिन्छ ।



गत आ.व.मा हल तथा प्रोजेक्टर भाडा वापत  रकम संकलन भएको नदेखिएको र चालु आ.व.को लागि रु. ९ लाख अनुमान गरिएको र पौष मसान्तसम्म रु २० हजार मात्र संकलन भएको देखिन्छ ।

**संभावना :**

गाउँपालिकाको स्वामित्वमा जग्गा, भवन, मेशिन तथा उपकरण स्वामित्वमा रहेको र उक्त सम्पत्ती भाडामा लगाई आय आर्जनको संभावना रहेको छ । हाल विद्यालयहरूले भाडामा लगाएको ऐलानी पर्ति जग्गाको लगत तयार गरी भाडामा लगाउने र सोबाट देहायअनुसारको आय संकलनको संभावना देखिन्छ ।

**तालिका १९ : सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय विवरण**

| क्र.सं. | सार्वजनिक जग्गा रहेको स्थान | वहाल दर (रु. प्रति महिना) | बार्षिक बहाल रकम (रु.) | गापामा प्राप्त हुने वहाल रकमको दर | वहाल रकम (रु.) |
|---|---|---|---|---|---|
| १. | वडा नं. २, अगैया कार्यापालिका कार्यालय अगाडी जग्गा (सूर्योदय मा.वि. पसल संख्या ५) | ११०० | १३२००० | ४०% | ५२८०० |
| २. | वडा नं. ९, ढकेरी प्रति कट्ठा प्रति वर्ष (गणेश मा.वि. -३०० कट्ठा) | १००० | ३००००० | ४०% | १२०००० |
| ३. | वडा नं. २ उदयन (जनता मा.वि.) | १००० | १५०००० | ४०% | ६०००० |
| ४. | अन्य स्थानको जग्गा | ५०० | २००००० | ४०% | ८०००० |
| | **जम्मा** | | | | **३१२८००** |

ग्रेडर, रोलर, वैठक तथा तालिम वहालमा लगाउँदा सो वापत देहायअनुसार वहाल संकलनको संभावना देखिन्छ ।

**तालिका २० : सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय सम्बन्धी विवरण**

| क्र.सं. | वहालमा लगाइएको सम्पत्ती विवरण | वहालमा लाग्ने समय | भाडा दर | | वहालबाट प्राप्त कूल संभाव्यता (रु.) |
|---|---|---|---|---|---|
| | | | प्रति दिन | प्रति महिना | |
| १. | ग्रेडर | ५ | १५००० | ७५००० | ९००००० |
| २. | रोलर | ५ | १२००० | ६०००० | ७२०००० |
| ३. | हल तथा प्रोजेक्टर | २ | १००० | २००० | २४००० |
| | **जम्मा** | **१२** | **९३३३** | **१३७०००** | **१६४४०००** |

उपरोक्त विवरणको आधारमा सरकारी सम्पत्तीको वहालबाट **रु. १९ लाख ५६ हजार ८००** आय प्राप्त हुने संभावना रहेको देखिन्छ ।

## (ङ) सिफारिश तथा प्रमाणित दस्तुर

### (ङ) सिफारिश तथा प्रमाणित दस्तुर

**विद्यमान अवस्था:**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरी आएको छ । आर्थिक ऐनमा सिफारिश तथा प्रमाणितको दर न्यूनतम रु. १०० देखि ५०० सम्म निर्धारण गरेको छ ।

गाउँपालिकाले वडा कार्यालयहरू तथा कार्यपालिका कार्यालयबाट सेवाग्राहीलाई आवश्यक सिफारिश तथा प्रमाणित सेवा उपलब्ध गराउदै दस्तुर संकलन गर्ने गरेको छ । वडावाट संकलित सिफारिश तथा प्रमाणित

दस्तुरवाट संकलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजस्व शाखामा हरेक महिना  दाखिला गर्ने गरेका छन् ।

गत आ.व. २०७६/७७ मा यस शीर्षकवाट रु. १६ लाख ५५ हजार संकलन भएको थियो भने चालु आ.व.को लागि रु. ५ लाख अनुमान गरेकोमा र पौष मसान्त सम्म जम्मा रु. ४ लाख ३७ हजार संकलन देखिन्छ ।

**सम्भावनाः**

गाउँ कार्यपालिका कार्यालयमा प्रति दिन १२ र तथा प्रत्येक वडा कार्यालयहरूबाट प्रति दिन १० वटाको दरले गरी जम्मा वार्षिक रुपमा करिव ३१,५१८ वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित दस्तुर औषत रु. १२३ निर्धारण गरिएमा वार्षिक सिफारिश तथा प्रमाणित वापत रु. ३८ लाख ८६ हजार २०० आय संकलन हुने सम्भावना रहेको देखिन्छ । सिफारिश तथा प्रमाणित दस्तुर मध्ये सिफारिश दस्तुर, व्यक्तिगत घटना विलम्ब दस्तुर, नाता प्रमाणित दस्तुर र अन्य दस्तुरको संभावना देहायअनुसार अनुमान गरिएको छ ।

**तालिका २१ : सिफारिस तथा प्रमाणित दस्तूरको सम्भाव्यता विवरण**

| क.सं. | सिफारिश प्रमाणीकरणको विवरण | संख्या | | दर (रु. प्रति शिफारिस) | कूल संभावना रकम (रु.) |
|---|---|---|---|---|---|
| | | दैनिक | बार्षिक | | |
| १ | सिफारिश दस्तुर | ६० | १८३६० | १२५ | २२९५००० |
| २ | घटना दर्ता दस्तुर | ४ | १२२४ | ५० | ६१२०० |
| ३ | नाता प्रमाणित दस्तुर | २२ | ६७३२ | १५० | १००९८०० |
| ४ | अन्य दस्तुर | १७ | ५२०२ | १०० | ५२०२०० |
| | **जम्मा** | **१०५** | **३१५१८** | **१२३** | **३८८६२००** |

## झ. महशुल

### १. खानेपानी महशुल

**विद्यमान अवस्था :**

गाउँपालिकामा खानेपानी तथा सरसफाई अभियान अन्तर्गत एक घर एक धारा कार्यक्रमका लागि ८ भन्दा बढी खानेपानी तथा सरसफाई आयोजनाहरू संचालन तथा निर्माणाधिन रहेका छन् । उपरोक्त आयोजनामा संघ/प्रदेश र गाउँपालिकाले ठूलो लगानी गरेको छ । तथापी यसबाट महशुल वापत हालसम्म कुनै आम्दानी गरेको छैन । यसका लागि गाउँपालिकाले महशुलको दर र संकलन प्रक्रिया समेत आर्थिक ऐनमा निर्धारण गरेको छैन । गत आ.व. खानेपानी महशुल रकम संकलन नभएको चालु आ.व.मा रकम अनुमान नगरेको देखिन्छ ।

**संभावना** :

गाउँपालिकाले महशुलको दर निर्धारण गरी संचालित र निर्माण सम्पन्न हुने खानेपानी तथा सरसफाई आयोजनाबाट महशुल वापत आय संकलन गर्ने संभावना रहेको छ । एक घर एक धारा अभियान अन्तर्गत करिब ३५०० घरधुरीबाट उपभोक्ता समिति वा साझेदार संस्थासँगको साझेदारीमा महशुल संकलनको संभावना रहेको छ । खानेपानीको महशुल संकलनको संभाव्यता देहायअनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका २२ : खानेपानी महशूलको सम्भाव्यता

| सि.नं. | खानेपानी आयोजनाको नाम र स्थान | लाभान्वित घरधुरी | मासिक महशुल दर (औषत) | कुल रकम (रु) | गाउँपालिकाको शुल्क दर | सम्भावना रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | अगैया खा.पा. आयोजना वडा नं. २ | १७० | ६० | १२२४०० | २५ | ३०६०० |
| २ | खा.पा. आयोजना, वडा नं. २ हरिहरपुर | ५१० | ६० | ३६७२०० | २५ | ९१८०० |
| ३ | खा.पा. आयोजना, वडा नं. ३, वनघुस्री | २९८ | ६० | २१४५६० | २५ | ५३६४० |
| ४ | खा.पा. आयोजना, सूर्यलालपुर | ३४९ | ६० | २५१२८० | २५ | ६२८२० |
| ५ | खा.पा. आयोजना, चाचाफर्की, वडा नं. ५ | ४८२ | ६० | ३४७०४० | २५ | ८६७६० |
| ६ | खा.पा आयोजना, चिलरिया वडा नं. ५ | ६०२ | ६० | ४३३४४० | २५ | १०८३६० |
| ७ | खा.पा. आयोजना, वडा नं. ८ सम्शेरगञ्ज | ४९५ | ६० | ३५६४०० | २५ | ८९१०० |
| ८ | खा.पा. आयोजना, वडा नं. ९, बुच्चापुर | ६०० | ६० | ४३२००० | २५ | १०८०००० |
| | **जम्मा** | **३५०६** | ६० | २५२४३२० | २५ | ६३१०८० |

# परिच्छेद - चार : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ४.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधारका लागि अपनाउनु पर्ने क्रियाकलापहरू तपशिलमा उल्लेख गरिएको छ ।

**क. दायरा** : राजश्व सुधारको लागि गाउँपालिकाको क्षेत्राधिकार पर्ने करदाताको पहिचान गरी तीनीहरूको एकिन तथ्यांक पत्ता लगाउनु पर्दछ । करदाता रहेको स्थान, एकिन संख्याको पहिचान पश्चात त्यसको दायरा कति सम्म बढाउन सकिन्छ त्यसको एकिन गर्नुपर्दछ ।

**ख. दर** : करदाताको पहिचान पश्चात गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने करदातालाई करदाताको सामर्थ्यका आधारमा न्यायोचि ढंगबाट करको दर निर्धारण गर्नुपर्दछ ।

**ग. व्यवस्थापन** : करदाताको पहिचान, संख्या निर्धारण तथा दायरा निश्चित गरी करका दरहरू न्यायोचित ढंगबाट निर्धारण पश्चात राजश्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार भौतिक सुविधा, मानव संशाधन, प्रविधि र सफ्टवयर, सूचना तथा अभिलेख राख्नुपर्दछ । राजश्वको सुधारको लागि हरेक तथ्यांकको अभिलेख राखि राजश्व चुहावट हुन नदिन अनुगमन तथा नियमनको व्यवस्था गर्नुपर्दछ ।

## ४.२ राजश्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान

संकलित सूचनाको अध्ययन तथा विश्लेषण र छलफल कार्यक्रमबाट प्राप्त सुझावको आधारमा पहिचान भएका यस गाउँपालिकाको राजस्व सुधारको लागि गर्नुपर्ने प्रमुख कार्यहरू देहायअनुसार प्रस्तुत गरिएको छ :

- व्यवसायीहरूलाई गाउँपालिका कार्यालयमा दर्ता गराउने
- व्यवसायीहरूलाई उनीहरूले तिर्नुपर्ने राजश्वको जानकारी गराउने
- अनुगमन समिति गठन गरी राजश्व तिरे नतिरेको एकिन गरी नतिरेका भए फोनबाट जानकारी गराउने
- करको दायरा अभिवृद्धि गर्ने
- करदाताहरूलाई राजश्व सम्बन्धी जानकारी गराउनु
- करदातालाई कर तिर्नु हाम्रो दायित्व हो भन्ने बोध गराउनु
- करदाताको दायरा पहिचान गरी तथ्यांक संकलन गर्ने
- कर समयमै तिर्नेलाई पुरस्कार र नतिर्नेलाई जरिवानाको व्वस्था गर्ने
- करको दायरामा ल्याउन नीति नियम बनाउने
- वडा कार्यालयले करदाताको अभिलेख चुस्त दुरुस्त राख्ने
- बैंक मार्फत कर संकलनको व्यवस्था मिलाउने

- वडा कार्यालयको क्षमता अभिवृद्धि गर्ने
- सरोकारवालासंग अन्तरक्रिया तथा छलफल गर्ने
- थप जनशक्ति परिचालन गर्नुपर्ने

## ४.३ राजस्व सुधार कार्ययोजना तर्जुमा

राजस्व परिचालन सम्बन्धी अध्ययन तथा राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रियाको दौरानमा संकलित सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । राजस्व सुधार कार्ययोजनाका क्रियाकलापहरूलाई देहायअनुसार ३ विषयगत क्षेत्रमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ :

